# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क २४ पूर्णाङ्क १६९ | २०७६ माघ ६ गते सोमबार | Monday, 20 Jan, 2020 | पृष्ठ ८ | मूल्य रु. १०|-


## सूचना प्रविधि विधेयकको विरुद्धमा पाँच पत्रकार संगठन आन्दोलित



काठमाडौं । सरकारले हालै ल्याएको सूचना प्रविधि विधेयकको विरुद्धमा पाँच पत्रकार संगठनले संयुक्त विज्ञप्ति बाँकी ८ पेजमा

# 'राष्ट्रघाती एमसीसी संसदबाट अनुमोदन नगर'




काठमाडौं । लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायतको भूभाग आफ्नो नक्सामा गाभेर भारतले नयाँ राजनीतिक नक्सा जारी गरेपछि करिब दुई महिनादेखि नेपालमा भारतीय विस्तारवादी हस्तक्षेप तथा अतिक्रमणको देशव्यापी रूपमा विरोध भइरहेको छ । पछिल्लोपटक त्यो विरोधलाई समेत ओझेलमा पार्ने गरी अहिले देशव्यापी रूपमा एमसीसीको विरोध भइरहेको छ । तीनवटा भक्तपुर जत्रो नेपाली भूमि भारतले आफ्नो नक्सामा गाभ्दा पनि त्यो भूमि फिर्ता गराउन कुनै ठोस पहल नगरिबसेको ओली सरकारले अमेरिकाले आफ्नो साम्राज्यवादी प्रभुत्व स्थापित गर्न र नेपालमा सैन्य अखडा स्थापना गरी चीनलाई घेरा हाल्ने आधार निर्माण गर्ने उद्देश्यले दिएको एमसीसी परियोजना भने संसदबाट अनुमोदन गराउन पूरै सक्रियता देखाएको छ । एमसीसी सम्झौतालाई जोडेर अमेरिकाले नेपाल इन्डो प्यासिफिक रणनीतिको साझेदार राष्ट्र भएको सार्वजनिक रूपमा प्रचार गरिरहेको छ । यो सम्झौता संसदबाट अनुमोदन भई कार्यान्वयन भए नेपाल अमेरिकी सुरक्षा छाताभित्र जाने वा अमेरिकी सैन्य गठबन्धनमा आबद्ध हुन पुग्ने र नेपालले अहिलेसम्म अपनाउँदै आएको असंलग्न परराष्ट्र नीतिको ठाडो उलंघन हुने भन्दै राजनीतिक तथा कुटनीतिक वृतबाट तीव्र आलोचना भइरहेको छ । र, एमसीसी संसदबाट अनुमोदन नगर्न अर्थात् खारेज गर्न जोडदार माग जनस्तरबाट समेत उठिरहेको छ ।

राष्ट्रिय स्वाधीनताको मुद्दालाई मूल मुद्दाको रूपमा बाँकी ४ पेजमा

## नेकपा (क्रान्तिकारी माओवादी) पश्चिम व्युरोको बैठक सम्पन्न

काठमाडौं । यही माघ ३ गते नेकपा (क्रान्तिकारी माओवादी) पश्चिम व्युरोको बैठक उक्त पार्टीका स्थायी समिति सदस्य तथा व्युरो इन्चार्ज रामसिंह श्रीशको अध्यक्षतामा सम्पन्न भएको छ ।

बैठकले पार्टीले सञ्चालन गर्ने राष्ट्रिय स्वाधीनताको अभियान सम्वन्धी कार्यक्रम पश्चिम व्युरोका विभिन्न जिल्लाहरूमा सञ्चालन गर्ने निर्णय गरेको छ । उक्त कार्यक्रम २०७६ माघ १५ गते देखि बाँकी ८ पेजमा



नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)

Communist Party of Nepal (Revolutionary Maoist)

## जिएमआरसित गरिएको कर्णाली सम्झौता नेपालका लागि एउटा राष्ट्रघाती सम्झौता हो





जसको खारेजी अनिवार्य छ ।

गत पौष २९ गते मंगलवार राजधानीमा कर्णाली बचाउ अभियानका अभियान्ताहरू भरत शाही, साध्यबहादुर भण्डारी, नारायण शर्मालगायत ६ राजनीतिक दल र ८वटा विभिन्न संघसंस्थाहरूको पहल र आयोजनामा माथिल्लो कर्णाली जिएमआरलाई दिने सम्झौताको खारेजी सम्वन्धी एउटा अन्तरक्रियात्मक कार्यक्रमको आयोजना काठमाण्डौमा सम्पन्न गरियो । उक्त कार्यक्रममा सबै बक्ताहरूको एउटै आवाज थियो-"जिएमआरसित गरिएको कर्णाली सम्झौता नेपालका लागि एउटा राष्ट्रघाती सम्झौता हो, जसको खारेजी अनिवार्य छ ।" उक्त कार्यक्रममा तीनजना विद्धानद्धारा तयार पारिएको 'माथिल्लो कर्णालीको षडयन्त्रपूर्ण ढंगले म्याद थप्ने प्रपञ्च' नामक कार्यपत्रमाथि बहस गरिएको थियो । बहसमा सबैको जोड प्रस्तुत कार्यपत्रले उठाएका विषयहरू ज्यादै सान्दर्भिक र नेपालको हीतमा छन्, त्यसलाई सरकारले लागु गर्नु पर्छ भन्ने थियो ।

काठमाण्डौको डिल्लीबजार स्थित भोजनगृहमा सम्पन्न अन्तरक्रियात्मक कार्यक्रममा नेकपा(क्रान्तिकारी माओवादी) का नेता सीपी गजुरेल, राजमोका नेता चित्रबहादुर केसी, नेकपा(माले)का सीपी मैनाली,सरकारी नेकपाका भिम रावल, नेकपा(माके)का गोपाल किराँती, नेकपा(मसाल)का समिर सिंहलगायतले नेपालको जल, जमिन र जंगलसित जोडिएका हरेक राष्ट्रियताका सवालहरूलाई लिएर नेपालको राष्ट्रियता र सार्वभौमिकताको बहस सबै राजनीतिक बाँकी ४ पेजमा

## लिम्पियाधुरा-सुस्तासहितको नक्शा सरकारले तत्काल सार्वजनिक नगरे देशव्यापी आन्दोलन गर्ने चेतावनी



काठमाडौं । लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्ता समेत समावेश गरी नेपालको नक्शा सार्वजनिक गर्दै सीमा बचाऔं अभियानले सरकारले नेपालको वास्तविक नक्सा जारी नगरे सशक्त आन्दोलनमा बाँकी ५ पेजमा

## कम्युनिष्ट नामको प्रतिक्रियावादी पार्टी र सरकारप्रति होसियार रहन उत्पीडित जनसमुदायमा नेवाः मोर्चाको अनुरोध

## प्रदेशको नामाकरण र राजधानीसम्बन्धी निर्णयको कडा विरोध



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालले ३ नं. प्रदेशको नामाकरण र राजधानीको विषयमा डबल नेकपाको निर्णय अनुसार प्रदेश संसदले गरेको निर्णयको कडा विरोध एवम् भर्त्सना गरेको छ । मोर्चाका केन्द्रीय अध्यक्ष पवनमान श्रेष्ठले एक वक्तव्य जारी गरी पुष २७ गते बसेको ३ नं. प्रदेशको संसदले प्रदेशको नाम बाग्मती र राजधानी हेटौंडा राख्ने गरी गरेको निर्णयप्रति नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालको गंभीर रूपमा ध्यानाकर्षण भन्दै उक्त निर्णयको कडा विरोध गरेका हुन् ।

वक्तव्यमा केही दिन अगाडि डबल नेकपाको सचिवालयको बैठकले ३ नं.प्रदेशको नाम बाग्मती राख्ने र राजधानी हेटौंडा गर्ने निर्णय गरेको र यसका बाँकी ७ पेजमा

## सभामुखको लेठो र डबल नेकपाको ए..कता ?

*राष्ट्रपतिजीको भनाइ छ, आखिर एउटी पढेलेखेकी महिला, जनजाति पृष्ठभूमि भएकी, विद्यमान उप सभामुखको पदमा रहेर योग्यता प्रमाणित गरिसकेकी शिवमायाले सभामुख हुन किन नपाउने ?*



● सीपी गजुरेल ●

**सांसदहरू नै बेरोजगार ?**

यतिखेर नेपालको संसदीय राजनीति सभामुखको चयन प्रकृयामा रुमलिएको छ । साँढे दुई महिना देखि संसदमा सभामुख छैन । सभामुख बिनाको संसद कस्तो हुँदो रहेछ भन्ने अनुभव पनि नेपालमा राम्रै सँग गरिँदैछ । बेला बेलामा संसदको बैठक सूचना टाँस गरेर रद्द हुने गरेको छ । एकजना अनुभवी पूर्व सभामुखको भनाई छ - बिना कारणको सूचना टाँस गरेर संसद बैठक रोक्न मिल्दैन । "विशेष कारण" मात्र भनेर पुग्दैन । तर अहिले सम्म निरन्तर संसदको बैठक रद्द हुनाको कारण "विशेष कारण" नै भन्ने गरिएको छ ।

सत्ताधारी पार्टीमा सभामुख कस्लाई बनाउने भन्ने विषयमा भएको खिचातानी, स्वार्थको टक्कर, गूट स्वार्थ, खिचलो आदि नै संसदको बैठक रद्द हुनाका कारण हुन् र त्यो कारण देखाउन नमिल्ने भएकोले "विशेष कारण" भनिएको हो भन्ने कुरा सबैलाई थाहा छ ।

संसदीय प्रतिपक्षी दलका नेता सत्ताधारी दलभित्र सभामुख कस्लाई बनाउने भन्ने टुंगो लगाउन नसकेको कारण संसद बन्धक भएको विलौना गरिरहेका छन् । सभासद्हरू रोई कराई गरिरहेका छन्, "हामीले बिजनेस् पाएनौं", "हामी बेरोजगार भयौं" । निरीह बाँकी ७ पेजमा

## सम्पादकीय

# राष्ट्रघाती एमसीसी खारेज गर

पछिल्ला दिनमा नेपाल विश्वशक्ति राष्ट्रहरूको तानातान र चेपुवामा परेको छ। इन्डो प्यासिफिक रणनीतिमा नेपालको भूमिकाको खोजी गर्दै आएको अमेरिकाले उक्त रणनीतिको साझेदार राष्ट्र बन्ने सर्तमा नै मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) परियोजनाको सम्झौता नवीकरण गरेको सर्वत्र चर्चा छ । र, अमेरिकाको विदेश मन्त्रालय र नेपालस्थित अमेरिकी दुतावासले त्यसको सार्वजनिक घोषणा र दावी गर्दै आएका पनि छन् । नेपालका परराष्ट्रमन्त्री अमेरिका गएर एमसीसी सम्झौताको नवीकरण गरेर आएसँगै इन्डो प्यासिफिक रणनीति (आइपिएस) हेर्ने सैन्य कमाण्डरहरूको एकपछि अर्को नेपालमा भ्रमण भइरहेको छ । र, एमसीसी परियोजनालाई भारतको सहमति लिएर संसदबाट अनुमोदन गराउन पटक पटक दबाबसमेत दिंदै आएको छ । एमसीसीका प्रावधानहरूले नेपालको स्वतन्त्रता, राष्ट्रिय स्वाधीनता, सार्वभौमिकतामाथि गम्भीर आँच पुग्ने र नेपालले अपनाउँदै आएको परराष्ट्र नीति पनि गम्भीर खतरामा पर्ने भन्दै चौतर्फी रूपमा खारेजीको माग हुँदै आएको छ ।


इन्डो प्यासिफिक रणनीति अमेरिकाको सैन्य रणनीति हो र यसको मुख्य उद्देश्य भनेको चीनलाई घेरा हाल्ने, बाटो छेक्ने र उसका विरुद्ध सैन्य रणनीतिको विकास गर्ने हो । आवरणमा जे नाम र उद्देश्य राखिएको भए पनि सारतः एमसीसीको माध्यमबाट अमेरिकाले नेपालमा सैन्य क्याम्पहरू खडा गर्ने, चीनको बढ्दो प्रभावलाई रोक्ने र नेपालको भूमि प्रयोग गरेर चीनका विरुद्ध गतिविधि गर्ने भन्ने नै हो । यही उद्देश्य राखेर नेपाललाई आइपिएसको साझेदार राष्ट्र बनाउन खोजेको देखेर नै त्यसबाट नेपाललाई रोक्न चिनियाँ राष्ट्रपति सी जिनपिङले नेपालको दुई दिने राजकीय भ्रमण गरे र जाँदाजाँदै चीनलाई टुक्र्याउन खोज्ने तथा चीनका विरुद्ध गतिविधि गर्न खोज्नेहरूलाई धुलोपिठो पार्ने चेतावनीसमेत दिए । बिआरआई परियोजनामार्फत् नेपालमा हिमालयसीमापार कनेक्टिभिटीका लागि सडक सञ्जाल विस्तार तथा रेल परियोजनाहरूमा सहमति भए र नेपाल-चीन रणनीतिक साझेदार भएको घोषणा गरिए ।

चीनको बिआरआई विशुद्ध आर्थिक परियोजना हो भने अमेरिकाको आइपिएस विशुद्ध सैन्य गठबन्धन हो । यही सैन्य गठबन्धन अन्तर्गतको एमसीसी परियोजनालाई संसदबाट अनुमोदन गराएर वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकारले मुलुकलाई गम्भीर संकटतर्फ धकेलिरहेको छ । आइपिएस संसदबाट अनुमोदन भएर कार्यान्वयनमा गए नेपाल अमेरिकाको सुरक्षा छाताभित्र जानेछ र नेपालले आफ्नो स्वतन्त्र र सार्वभौम हैसियत गुमाउँदै जानेछ । अहिले सार्वजनिक रूपमा उठिरहेको आवाज जस्तै नेपाल साँच्चै अमेरिकाको युद्धभूमिमा परिणत हुनेछ । यस्तो खतरनाक परियोजना तत्काल खारेज गरी नेपालको स्वतन्त्र र सार्वभौमिक अस्तित्वको रक्षा सर्वत्र आवाज बुलन्द गर्न जरुरी छ ।

नेपाल भूपरिवेष्ठित मुलुक भए पनि आजसम्म कुनै देशको उपनिवेश बन्नु परेको छैन । नेपालले आफ्नो स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा गर्न पञ्चशील र असंलग्नताको सिद्धान्तका आधारमा परराष्ट्र नीति तुर्जुमा गर्दै त्यसै अनुसार समदुरी र परस्पर हितमा आधारित कुटनीतिक सम्बन्ध स्थापित गर्दै आएको हो । तर पछिल्ला दिनमा सरकारका गतिविधिले कुटनीतिक असन्तुलन बढेर गएको छ र छिमेकीहरूको सुरक्षा चासोलाई प्रतिकूल प्रभाव पर्ने गरी गतिविधिहरू सञ्चालन भइरहेका छन् । दक्षिणतर्फको दुस्ट छिमेकी र साम्राज्यवादी अमेरिकाको दलाली गर्दै शासकहरूले उत्तरतर्फको छिमेकीलाई चिढ्याउने स्थिति पैदा गरे भने नेपालको सार्वभौमिकता गम्भीर खतरामा पर्ने विश्लेषण अहिले राजनीतिक र कुटनीतिक वृतमा भइरहेको छ । र, नेकपा (क्रान्तिकारी माओवादी) लगायत सबै देशभक्त तथा कम्युनिस्ट क्रान्तिकारी शक्तिहरूले एमसीसी परियोजना राष्ट्रघाती भएकोले तत्काल खारेज गर्न माग गरिरहेका छन् । यसतर्फ सम्बन्धित पक्षको गम्भीर रूपमा ध्यान जान जरुरी छ र राष्ट्रघाती एमसीसी परियोजना संसदबाट अनुमोदन गर्ने होइन, तत्काल खारेज गर्नुपर्दछ । यसो गर्नु नै नेपाल र नेपाली जनताको हित अनुकूल हुनेछ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# नेपालमा माओवादी जनयुद्ध–एक विश्लेषण–२


● रोशन जनकपुरी ●

नेपाली कम्युनिस्ट आन्दोलनमा दीर्घकालीन जनयुद्धको माध्यमबाट नेपाली समाजको आमूल परिवर्तनको विचार प्रारम्भदेखि नै बहसमा रहेपनि यसको योजनाबद्ध बहस र पहलको शुरुआत माओवादीहरूले गरेका छन् । ०४२साल तिर मोहन वैद्यको नेतृत्वमा रहेको नेकपा (मशाल)ले नयाँ जनवादी क्रान्तिकारी विचार र दीर्घकालीन जनयुद्धको पक्षमा दृढ मत राख्दै आएको समूहमा सीपी गजुरेल, देव गुरुङ, प्रचण्ड, रामबहादुर थापा 'बादल', आदि प्रमुख व्यक्तित्व हुन् । यही समूह पछि नेकपा (माओावादी)मा विकसित भयो र जस्को नेतृत्वमा ०५२सालमा नेपालमा युगान्तकारी दशवर्षे जनयुद्ध सञ्चालन भयो ।

दीर्घकालीन जनयुद्ध सामाजिक परिवर्तनको राजनीतिक प्रक्रिया हो, जस्मा श्रमजीविवर्ग र उत्पीडित समुदायले सशस्त्र संघर्षको माध्यमबाट मौजूद प्रतिक्रियावादी राज्यव्यवस्थालाई ध्वस्त गरेर आफू अनुकूलको राज्यव्यस्थाको निर्माण गर्दछ । गाउँबाट शहर घेर्ने राजनैतिक फौजी व्यवहारिक कार्यनीतिमा आधारित नौलो जनवादी क्रान्तिमा राजनीति कार्यकर्ता र क्रान्तिकारी सेनाको संयोजनमा जनसहभागिता र जनदिशाको प्रमुखता यसको विशिष्ट पक्ष हो । माओवादका अनुयायीहरूले नौलो जनवादलाई समाजवाद र साम्यवादको यात्रामा रणनैतिक चरण मान्दछन् ।

नयाँ जनवादी क्रान्तिका आलोचकहरूले नौलो जनवादलाई चिनिया परिवेशमा विकसित क्रान्तिकारी राजनैतिक र फौजी कार्यक्रम भएकोले यो अरु देशमा लागू हुन नसक्ने भन्ने गरेका छन् । उनिहरूले नेपालमा माओवादीहरूले नेपाली समाजको रूपान्तरणको निम्ति प्रयोग गरेको दीर्घकालीन जनयुद्धलाई चीनियाँ क्रान्तिको यान्त्रिक अन्धानुकरण भन्ने गरेका छन् । तर नौलो जनवादी क्रान्ति र दीर्घकालीन जनयुद्धको कार्यदिशाको विकास गर्ने र पहिलोपटक प्रयोग गर्ने माआत्सेतुङ्गले यो सिद्धान्त आ-आफ्नो देशको विशिष्टतामा औपनिवेशिक र अर्धऔपनिवेशिक देशहरूमा लागू हुने भनेका छन् । माओले नौलो जनवादी राज्य व्यवस्थालाई 'साम्राज्यवाद विरोधी वर्गहरूको संयुक्त अधिनायकतन्त्र भनेका छन् ।

नौलो जनवादी राज्यव्यवस्थाबारे माओले भनेका छन – ' .....निश्चय नै यी मध्ये हरेक क्रान्तिका आआफ्नै विशेषताहरू हुनेछन्, तर सारभूतरूपमा विषयका दृष्टिले भने ती सानातिना विभिन्नताहरू मात्र हुनेछन् । यी क्रान्तिहरू औपनिवेशिक र अर्धऔपनिवेशिक देशहरूमा क्रान्ति रहुन्जेलसम्म तिनको राज्य र सरकारको ढाँचा आधारभूतरूपले अवश्य नै एकनासको हुनेछ । अर्थात यो साम्राज्यवादविरोधी कैयन वर्गहरूको संयुक्त अधिनायकतन्त्रअन्तर्गतको नौलो जनवादी राज्य हुनेछ ।'

माओले नौलो जनवादी क्रान्तिलाई अधऔपनिवेशिक देशहरूले एउटा खास अवधिमा पन्छ्याउन नमिल्ने भनेका छन् –'ऐतिहासिक कालमा सबै औपनिवेशिक, अर्धऔपनिवेशिक देशका क्रान्तिमा नौलो जनवादी राज्यसत्ता अपनाउनै पर्छ । यो खास ऐतिहासिककालको निम्ति सुहाउँदिलो हुने राज्यसत्ताको रूप हुनाले यो संक्रमणकालीन हुन्छ, तैपनि यो एउटा आवश्यक रूप हो, जसलाई पन्छाउनै सकिन्न ।'

नेपाल राजनैतिक अर्थशास्त्रीय दृष्टिले अर्धसामन्ती अर्धऔपनिवेशिक देश हो भन्ने मतमा प्रायः सबै वाम राजनीतिक दलहरू र विद्वानहरू शुरु देखिनै सहमत रहँदै आएका छन् । अहिले तत्कालीन एमाले वैचारिक स्कूलले पूँजीवादी र माओवाद पक्षधरले नवऔपनिवेशिक भन्न थालेका छन् । यद्यपि अर्धसामन्ती अर्धऔपनिवेशिक भन्नु तात्विकरूपमा नवऔपनिवेशिकता नै हो । अर्धसामन्ती अर्धऔपनिवेशिक भनिरहँदा सामन्तवादी तत्वको मात्राबोध बढी रहन्छ भने नवऔपनिवेशिक शब्दावलीमा पूँजीवादी भाव बढी हुने गर्छ । जे होस, माओवादीहरूले नेपालको वर्गचरित्र अर्धसामन्ती अर्धऔपनिवेशिक भने र यसै आधारमा नेपाली समाजको आमूलपरिवर्तन गरी नौलो जनवादी राज्यव्यवस्थाको स्थापना गर्ने उद्देश्यले ०५२ साल फागुन १गते दीर्घकालीन जनयुद्धको शुरुआत गरे । दसवर्षसम्म नेपालीसमाजलाई आमूलचूल हल्लाएको यो जनयुद्ध हुन त अधूरै टुङ्गियो, तर नेपाली समाजलाई एतिहासिक रूपमा राजतन्त्रात्मक राज्यव्यस्थाबाट मुक्त गरेर गणतन्त्रात्मक व्यवस्थामा ल्याएर उभ्याइदिएको छ । अब यो गणतन्त्र पूँजीवादी अधिनायकत्वको पुरानो गणतन्त्र हुने कि माओले भने झैं अधिकांश श्रमजीविवर्ग र उत्पीडित समुदायको संयुक्त अधिनायकत्वको नयाँ जनवादी व्यवस्था हुने प्रश्न महत्वको छ ।

०५० सालमा चितवनमा बसेको नेकपा( माओवादी)को केन्द्रियसमितिको तेस्रो विस्तारित बैठकमा दीर्घकालीन जनयुद्ध गर्ने औपचारिक निर्णय र यसको निम्ति आवश्यक वैचारिक, राजनैतिक र फौजी कार्यदिशा, कार्यनीति र कार्यक्रम तय गरिएको थियो । शुरुमा ग्रामीण वर्गसंघर्षबाट अघि बढेको माओवादी जनयुद्धलाई देश-विदेश कसैले पत्याएका थिएनन् । तर माओवादी क्रान्तिकौशलमा बलमा आधारभूतवर्ग र उत्पीडितसमुदायमा झाङ्गिदै गयो र दशवर्षसम्म देशलाई निरन्तर हल्लाई रह्यो ।

माओवादी दृष्टिकोणमा दीर्घकालीन जनयुद्ध जनआधारित समग्र युद्ध हो, जो रणनीतिक रक्षा, रणनीतिक सन्तुलन र रणनीतिक प्रत्याक्रमणमा आधारित हुन्छ । रक्षाको चरणमा संघर्षको उद्देश्य संघर्ष र संगठनको रक्षा हुनेगर्छ र संघर्षको शैली हान्ने र भाग्ने छापामार हुन्छ । रणनीतिक सन्तुलनको चरणमा क्रान्तिकारी शक्ति आधारभूतरूपमा बलियो भैसकेको हुन्छ, तर शत्रुशक्तिलाई उछिन्न सकेको हुँदैन, तर विजय अपेक्षाकृत बढदो क्रममा हुन्छ । यस स्थितिमा संघर्षको शैली रक्षा र आक्रमण हुन्छ । प्रत्याक्रमणको स्थिति भनेको दुश्मन राजनैतिक र फौजी दुबैरूपमा कमजोर पर्दैगएको स्थिति हो । यस स्थितिमा क्रान्तिकारीहरूले एकतर्फी आक्रमणको नीति लिएको हुन्छ र निरन्तर युद्धको माध्यमबाट अन्तिम विजय हासिल गर्दछ ।

समग्र युद्धलाई राजनैतिक र फौजी गरी दुई खण्डमा विभाजित गरिएको नेपाली माओवादी जनयुद्ध पाँचवर्ष निरन्तर एकहोरो दिशामा गतिशील रह्यो । यस अवधिमा ग्रामीण छापामार आक्रमणबाट शरु गरेको माओवादीले आधारक्षेत्रहरू, माआवादी राजनीति र सैन्य अनुशासनमा प्रशिक्षित देशैभरि पार्टी कमिटीहरू, जनवर्गीय संगठनहरू, जनवर्गीय संगठनहरूको प्रतिनिधित्व भएको क्रान्तिकारी संयुक्त परिषद्, जनसरकारहरू, जनअदालतहरू र अर्धफौजी मिलिसिया दस्ता हुँदै पूर्णकालीन जनसेनाको विकास गऱ्यो । यो तत्कालीन प्रतिक्रियावादी राज्यसत्ताको समानान्तर क्रान्तिकारी सत्ताको निर्माण थियो । यतिबेला माओवादी तत्कालीन सत्तालाईलाई राजनैतिक र फौजी दुबै स्तरमा सक्षमतापूर्वक सामना गरीरहेको थियो । माओवादीले यसलाई रणनीतिक रक्षाबाट सन्तुलनको स्थितिमा प्रवेश भन्यो । हरतरहबाट पूर्ण शक्तिलगाएर दमन गर्न नसकेपछि राज्यसत्ता अपठ्यारोमा पर्दै गएको थियो र देशी विदेशी दबाबमा परेर वार्ताको माध्यमबाट समस्या समाधानको बाटो खोज्न थालेको थियो । यस नयाँ सम्भावित परिस्थितिले माओवादी जनयुद्धलाई नयाँ वैचारिक संश्लेषण र कार्यनितिको माग गरिरहेको थियो ।

यस्तै सम्वेदनशील परिस्थितिमा ०५७ साल माघमा माओवादीको दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न भयो । जनयुद्धको पहिलो योजना देखि छैठौं योजनासम्मका निरन्तर रक्षात्मक संघर्षपछि सैन्यशक्तिको विकास, राष्ट्रिय राजनीतिमा जनयुद्धले ल्याएको प्रभाव तथा तत्कालीन राज्यसत्ताको मूख्य सैन्यशक्तिको शाहीसेनासंगको मुकाबिलाको आवश्यकताको पृष्ठभूमिमा नेकपा (माओवादी)ले राजनैतिक र फौजी रणनीतिमा परिवर्तनको आवश्यकता महसूस गऱ्यो ।


यस सम्मेलनले नेपाली कम्युनिस्ट क्रान्तिको विकासमा मालेमावादको सार्वभौम सिद्धान्तहरूको प्रयोगको विशिष्टता र यसको सामूहिक नेतृत्वको केन्द्रीकृत अभिव्यक्तिको रूपमा संश्लेषित विचार श्रृङखलालाई 'प्रचण्ड पथ'को रूपमा नामाकरण गऱ्यो । माओवादी जनयुद्धको बढदो प्रभावको कारण राज्यसत्तामा देखिएको उकुसमुकुस र अस्तव्यस्तता र अर्कोतिर पार्टीको राजनीतिक र फौजी धक्काको कारण ग्रामीणक्षेत्रमा, खासगरी पश्चिम नेपालमा सत्तारिक्तताको स्थिति उत्पन्न भएको थियो । यस समग्र स्थितिले एकातिर पार्टीलाई संयुक्त जनसरकार निर्माण गर्नेतर्फ प्रेरित गऱ्यो भने अर्कोतिर क्रान्तिलाई जनता माझ व्यापक विस्तारको निम्ति सर्वहारा क्रान्ति र जातीय-क्षेत्रीय मुक्तिआन्दोलनहरूलाई एकआर्कामा विलयको जनदिशा विकास गर्नपनि प्रेरित गऱ्यो । यसले जनयुद्धको समग्र कार्यदिशामा परिवर्तनको आवश्यकता देखियो । र, यसैकारण सम्मेलनले दीर्घकालीन जनयुद्धमा आम विद्रोहको समायोजनको नीति पारित गऱ्यो । ' प्रतिक्रियावादीवर्गको सत्ताको केन्द्रमा निरन्तर हस्क्षेप र झन् संकटग्रस्त बनाउने र शहरीक्षेत्रका बौद्धिकवर्ग लगायतका जनवर्गलाई आकर्षित गर्ने उद्देश्यले यो नीति अपनाइएको' भनिएको जनयुद्धमा आमविद्रोहको नीतिले राजनीतिक ट्याक्टिसको रूपमा सरकारसंग वार्ताको निम्ति सर्वपक्षीय सम्मेलन, अन्तरीम सरकार र सम्विधानसभाको प्रस्ताव सार्‍यो ।

एकातिर फौजी आक्रमणमा तीव्रता र अर्कोतिर राजनीतिक वार्ताको नीतिको दोहोरो नीति अपनाएको माओवादीले तत्कालीन राजनैतिक परिस्थितिलाई ' जनयुद्ध रणनीतिक रक्षाको स्थितिबाट रणनीतिक सन्तुलनको स्थितिमा प्रवेश गरेको' मूल्याङकन गऱ्यो ।

दोस्रो राष्ट्रिय सम्मेलनको पहिलोयोजना कार्यान्वयनको क्रममा रहेको बेला ०५८ सालमा दरबारहत्याकाण्ड भयो । यस षडयन्त्रपूर्ण हत्याकाण्डमा राजा वीरेन्द्रका सम्पूर्ण परिवारको छानी-छानी हत्या गरियो । माओवादीले यस हत्याकाण्डलाई राजा वीरेन्द्रको माइलोभाई ज्ञानेन्द्र शाहलाई प्रयोग गरेर गरिएको साम्राज्यवादी र विस्तारवादी शक्तिहरूको षडयन्त्र भन्यो र राजा वीरेन्द्रको हत्यापछि देशमा गणतन्त्र जन्मीसकेको विचार सार्‍यो । दोस्रो राष्ट्रिय सम्मेलनको पहिलोयोजनाको समीक्षा बैठकमा माओवादीले राजा वीरेन्द्रको हत्यापछि जन्मेको गणतन्त्रको पक्षमा विद्रोहात्मक धक्काको रूपमा दोस्रोयोजना तय गऱ्यो । यस बैठकले वार्ताको निम्ति सारिएको राजनैतिक प्रस्तावमा पनि परिवर्तन ल्यायो । अबको परिवर्तित प्रस्ताव थियो – 'अन्तरीम सरकार, नयाँ सम्विधान र गणतन्त्रको संस्थागत विकास ।'

माओवादी जनयुद्धको विघटनको कारण खोजीमा रहेका कयौँ जानकारहरू र आन्दोलनभित्रको कयौँ आलोचकहरूले २०६२साल असौज-कार्तिकमा सम्पन्न चुनवाङ्ग बैठकको संशोधनवादी निर्णयहरूलाई मान्दछन्, जस्ले प्रष्टरूपमा शान्तिपूर्ण संघर्षबाट परिवर्तनको वकालत गरेको थियो र लोकतान्त्रिक बाँकी ६ पेजमा

# साम्यवादी सत्ता नै सर्वोत्कृष्ट सत्ता हो


● भरत बुर्जामगर ●

सरकार भनेको कुनै पनि देसको शासन या सत्ता चलाउने अथवा त्यो देसको अभिभावक भन्ने गर्दछन् । समाज विकासको क्रममा जङ्गली युगमा आदिम साम्यवाद थियो । त्यस समयमा सबै मानव जाति समान थिए । साझा धर्ति र आकाश साझा थियो । त्यस वेला क्षमता अनुसार सबैले समुहमा फलफुल, कन्दमूल, सिकार र माछा आदि आहारा खोजेर ल्याउँथे र समुहमा बाँडेर खान्थे । कालान्तरमा श्रम विभाजन भयो । आहाराको अभाव हुन थाल्यो । जनसङ्ख्या बढेर गयो त्यसपछि मानिस समुहमा अरु ग्रुप बन्दै छुटिए । आहाराको खोजिमा भौतारिएका समुहमा आहाराकोलागि समुहमा झडप हुदा एक समुहले अर्कोमाथि विजय गर्नाले र श्रमविभाजनपछि कामको भिन्नताले गर्दा सोच विचारमा फरक आएपछि आदिम साम्यवादी समाज समाप्त भइ त्यो ठाउँमा दास-स्वामी समाज या दासयुग आयो । दास-स्वामी व्यवस्थामा दास-मालिक र दास गरि समाज दुइ वर्गमा विभाजन भयो । त्यसवेला बहुसङ्ख्यक मानिसहरू दास हुन्थे र अल्पसङ्ख्यक मानिसहरू दासमालिक हुन्थे । दासहरू आहारा खोजेर ल्याउने मालिकहरू बसि खान्थे । दासयुगमा देसको नामकरणको विकास भएको थिएन । वर्गीय समाज भएपनि दासमालिकले दासहरूलाई नियन्त्रण गर्न सत्ताको सोच आउन थाल्यो । दास र मालिक बिचको सङ्घर्षबाट यो समाज समाप्त भइ सामन्तीसमाज आयो । सामन्तीसमाज भन्नाले दासहरू अर्धदासको रूपमा भूदास जमिनको दास खेती गर्ने किसान भनियो भने पहिलका दास मालिकहरू अब जमिनका मालिक बन्न पुगे । यहि प्रथालाइ सामन्ती व्यवस्था भनिन्छ । जङ्गलबाट गाउँ हुँदै शहर बनेपछि शहरमा रहने नागरिक भनियो । त्यो गाउँ या शहरको नाम देसकोरूपमा बहुसङ्ख्यक जनता खेती गर्ने किसानहरूमाथि अल्पङ्ख्यक सामन्तहरू मुखिया पछि गएर राजा या सम्राट् भनियो । राजा या सम्राट. सरकार या राज्यसत्ताको प्रमुख हुन्थ्यो ।

सामन्तीयुगमा सामन्त र किसानबिच सङ्घर्ष हुदा त्यो समाजको स्थानमा पुजिवादीसमाज जसमा मुठिभर पुजिपतिवर्गको हातमा कथित निर्वाचनमार्फत सत्ता आयो बहुसङ्ख्यक श्रमजीवी जनता सर्वहारा बन्न पुगे । पुजिवादी व्यवस्थाभित्र पुजिपतिवर्ग र सर्वहरावर्गबिच सङ्घर्ष हुन्छ त्यो नै वर्ग सङ्घर्ष हो । यसबाट के भन्न सकिन्छ भने आदिम साम्यवादी युगमा मानिस मानिसबिच वर्गीय भिन्नता थिएन तर समुहमा विभाजित मानिसबिच आहाराको लागि सङ्घर्ष हुदा साथै श्रमविभाजनबाट उत्पादनको फरक विशेषताले गर्दा मानिसको सोचमा भिन्नता आइ नीजि परिवार र नीजि सम्पत्तिको विकास भइ मानवसमाज वर्गीय बन्दै वर्ग सङ्घर्षको कारणले दाससमाज, सामन्तीसमाज हुदै पुजिवादी व्यवस्था आयो । सर्वहारा र पुँजिपतिवर्गीबिच सङ्घर्ष हुँदा समाजवादी समाज या समाजवादी व्यवस्था आयो । यसरी हेर्दा विश्वमा लगभग दुयसय जति देसहरू विद्यमान छन् । विश्वमा करिब करिब२० ओटा जति देश पुजिवादी अवस्थामा छन् भने बाँकी १८० भन्दा बढि देसहरू अर्धसामन्ती, अर्ध-औपनिवेशिक तथा नव-औपनिवेशिक अवस्थामा छन् । कतिपय देसमा समाजवादी क्रान्ति भएको थियो परन्तु अहिले विश्वमा ति देसहरू पुजिवादी बन्न पुगेका छन् । सामन्तवादी, पुजिवादी र समाजवादी व्यवस्थामा राज्यसत्ता चलाउने सरकार हुन्छन । सामन्तवादी देसहरूमा राजा या राष्ट्रपतिको हातमा राज्यसत्ताको अधिकार हुन्छ । त्यसैगरि पुजिवादी देसमा र समाजवादी देसहरूमा निर्वाचित सरकार बाँकी ६ पेजमा

# एमसीसीलाई हेर्ने दृष्टिकोणबारे

एमसीसी जसलाई अंग्रेजीमा मिलिनियम च्यालेन्ज कर्पोरेशन, भनिन्छ, त्यसवारे ढिलै भएतापनि सामाजिक सञ्जालमा राम्रै बहस भएको पाइएको छ। नेपालका वर्तमान परराष्ट्र मन्त्रीले एमसीसी सम्झौतालाई अनावश्यक विवाद र बहसमा ल्याएको बताएका छन । त्यसमा जोड दिँदै उनले भनेका छन्- 'हामीले विकास साहायतालाई बन्दुकसंग जोडेर हेर्दैनौ। असंलग्न सिद्धान्तप्रति अहिलेको सरकार कटिवद्ध छ ।' केही बुद्धिजीवीहरूले वर्तमान सरकारका मन्त्रीहरूका यी भनाइहरूमाथि ब्याङगर्दै आ-आफ्ना स्टयाटसमार्फत भनेका छन्- 'एमसीसी पास गर्नुको सट्टा पुरै देश विदेशीलाई ठेक्कामा दिने एउटा कानुन पारित गरौं ।' नेपालको योजना आयोगका भुतपूर्व उपाध्यक्ष स्वर्णीम वाग्लेले एमसीसीबाट आउने सहयोगलाई अथाहा धनराशी भन्दै खुशी व्यक्त गर्दै भनेकोमा यसको प्रतिउत्तरमा अन्य केहीको भनाई छ- 'नेपाल पैसाले गरीब छैन , सोंच, व्यवस्थापन, नीति र यसको कार्यान्वयनमा गरीब छ ।' नेकपाका नेता भिमरावलले त भनिहाले- 'घेरै पैसा आयो भन्दैमा देशको स्वतन्त्रता र सार्वभौमिकता विदेशीलाई जिम्मा दिने त ?'

एमसीसी सम्झौता ५ वर्षका लागि ५० अरव हो। हामीलाई थाहा छ चीनले ३ वर्षका लागि ६० अरब दिंदै छ। एमसीसीको विपक्षमा बोल्ने मन्त्रीलाई सरकारका प्रम ओलीले त पद छाडन दवाव दिइसकेका छन् । उनले भनेका छन्-'अब संसद चलेपछि एमसीसी प्रकृयामा जान्छ । त्यहा' छलफल हुन्छ । करेक्सन गर्नु पर्ने भए त्यहीबाट करेक्सन हुन्छ अनि त्यहीबाट बैधानिकता पाउछ र पास हुन्छ ।' उनले अन्तिम निर्णय सुनाएका थिए-'तपाइहरू भ्रममा नपर्नुस , एमसीसी पास हुन्छ । तर यो सरकार आफूलाई जनमतबाट नीर्वाचित सरकार भन्दछ र यदि त्यसो हो भने यसले एमसीसीवारे निम्न कुराहरूवारे संसदमार्फत जनतालाई स्पष्ट पार्न आवश्यक छ कि छैन ? काठमाण्डौका सडकमा एमसीसीवारे उठेका विरोधका आवाजहरूलाई सरकारले ध्ययान दिएर सुन्नु पर्छ कि पर्दैन ?

**एमसीसीमा सम्झौतामा भएका गलत बुँदाहरू:**

१. अमेरिकाले नेपाललाई प्रदान गर्ने भनिएको सहयोग रकम कुन परियोजनका लागि हो भन्ने कुरा अमेरिकाले आफै छान्ने ।

२. एमसीसी लागू भएपछि अमेरिकाको एमसीसी परिचालन बोर्डलाई नेपालले स्वायत्त अधिकार सहित संवैधानिक मान्यता प्रदान गर्नु पर्ने ।

३.एमसीसी परियोजना संचालनमा नेपालले कुनै पनि चासो राख्न नपाउने, कुनै सोधपुछ नै गर्न नपाउने ।

४.एमसीसी परियोजनाको बौद्धिक सम्पत्ति अमेरिकाको हुने ।

५. रोजगारी पनि अमेरिकाकै नागरिकले पाउने ।

६. एमसीसी परियोजना लागू भएका स्थानको जमिन, नदी, बन जे जे पर्छ सबै नेपमलका सम्बन्धीत मन्त्रालयले अमेरिकाको एमसीसीको नाममा बनाइदिनु पर्ने ।

७. एमसीसी लागू भएको ठाउ'मा अमेरिकाले आफ्नो परियोजनको सुरक्षाको लागि अमेरिकी सेना राख्ने ।

८. एमसीसी परियोजनका आवश्यक सम्पूर्ण साम्राग्री सबै अमेरिकाले नै किन्ने र नेपालले के किनेर ल्याएको भन्न पनि नपाउने ।

९ . अमेरिकाको परियोजनमा भारतको समर्थन अनिवार्य हुनु पर्ने ।

१०. नेपालका एमसीसीसंग बाझिएका कानुन स्वतः रद्द भइ अमेरिकाको कानुन लागू हुने ।

यी बुँदाहरूमाथि बहस अनि यीनमा संशोधन नगरी कसरी आयोजनालाई स्विकृति दिन मिल्छ ?

यस्ता राष्ट्रका लागि नकारात्मक बुँदाहरू भएको परियोजना एमसीसी आखिरमा हो के ? किन यो नेपालमा आवश्यक छ ? के नेपाली जनतामाथि दयाभाव जागेरै अमेरिकी सरकारले यो आयोजनका लागि सहयोग उपलब्ध गराएको हो त ? के उसको यसमा कुनै नीहित स्वार्थ छैन् ? यी प्रश्नवारे संक्षिप्तमा चर्चा गर्नु आवश्यक छ ।

**के हो एमसीसी ?**

एमसीसी भनेको मिलिनियम च्यालेन्ज कर्पोरेशनको संक्षिप्त रूप हो । यो एउटा अमेरिकी सरकारी संस्था हो । सन २००४मा अमेरिकामा स्पापना भएको हो । यो संस्थाको संचालक समितिको अध्यक्षमा अमेरिकी विदेश मन्त्री रहेको छ भने सदस्यहरूमा अमेरिकी सरकारका अर्थमन्त्री, युएसआइडिका प्रशासक, अमेरिकी व्यापार प्रतिनिधि, एमसीसीका प्रमुख कार्यकारी र निजी क्षेत्रबाट चार जना सदस्य रहेका छन् ।

एमसीसी अमेरिकी संस्था भएपनि नेपालमा त्यसको कार्यान्वयनमा एमसीए नेपाल गठन भएको छ र त्यसको संचालक समितिको अध्यक्षमा नेपाल सरकारको अर्थ सचिव र एमसीएको कार्यकारिणी अध्यक्षमा वर्तमानमा खडग बिष्ट छन् ।

सन् २०१२ यता भएका श्रृखलावद्ध छलफल पछि सन २०१७मा तत्कालिन नेपाली काँग्रेसको सरकार हुदा अमेरिकाको वाशिंगटमा दुइ देशबीच एमसीसीमा सम्झौता भएको थियो । सन २०१३मा मन्त्रीपरिषदको निर्णयमार्फत एमसीसी कार्यान्वयन गर्ने निकायको रूपमा मिलेनियम च्यालेन्ज अकाउन्ट नेपाल भन्ने निकाय गठन गरियो, जसको सञ्चालक समितिको अध्यक्ष नेपाल सरकारको अर्थसचिव रहेका छन् । साथै, यसै वर्ष सेप्टेम्वर २९ अर्थात असोज १२ गते एमसीसीको कार्यक्रम कार्यान्वयन सहमतिमा काठमान्डौमा हस्ताक्षर भएको थियो। एमसीसी सम्झौता संसदवाट अनुमोदन गर्न लगाएर लागु गरिने भन्दै आएकोछ ।

**अमेरिकाका लागि किन एमसीसी आवश्यक पर्न गयो ?**

उसको दस्तावेजमा लेखिएअनुसार विकासील देशहरूलाई खासगरी ठूला पूर्वाधार आयोजना नीमार्ण गर्न साझेदारी लक्ष्य लिएको एमसीसी परियोजना सन २००४मा अमेरिकी संसदले स्थापना गरेको संस्था हो । मिलिनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) एउटा नौलो र स्वतन्त्र अमेरिकी वैदेशिक साहायता निकाय हो, जसले विश्वव्यापी गरिवी विरुद्धको लडाइको अगुवाई गर्न सघाइरहेको छ भनेर उसको वयब साइड( धभद कष्मभ)मा लेखिएको छ । अहिलेसम्म एमसीसी ५० देशमा छ । ४७ वटा देशमा एमसीसी कार्यान्वयनमा गइसकेको छ र १० वटा देशमा कार्यान्वयनको चरणमा रहेको जनाइएको छ। दस्तावेज अनुसार एमसीसीको कम्प्याक्ट अनुदान पाउन नेपालले विश्वव्यापी प्रतिष्पर्धा गर्नु परेको थियो । सुशासन, आर्थिक स्वतन्त्रता तथा नागरिकका लागि लगानीसम्वन्धी एमसीसीका मापदण्डमा नेपाल सफल भइसकेपछि मात्र नेपाललाई उक्त अनुदान दिने निर्णय गरिएको थियो ।

के स्पष्ट हो भने एमसीसी अमेरिकाका लागि एउटा रणनीति हो जसले विकासको आवरणमा आफ्नो साम्राज्यवादी हैकमलाई कायम राख्न चाहन्छ । उसको यस्तो हैकम क्रमसः चीनका अगाडि कमजोर बन्दै गएको छ। चीनले अगाडि सारेको 'वन बेल्ट वन रोड' जस्ता आकर्षक परियोजनाहरूका अगाडि अमेरिका निरीह जस्तो देखिदै गयो । त्यसैगरी रुसले विश्व बजारमा हतियारको वर्चश्व कायम गर्दै गयो । उसका पार्टनर देशहरू, खासगरी बेलायत, फ्रान्स, जर्मन, क्यानडाआदि उसका गलत आर्थिक नीति र ट्रमपको उदण्ड व्यवहारका कारण टाडिदै गए । अफ्रिका तथा लेटिन अमेरिकी देशहरू पनि उसको हातबाट चीनले अगाडि सारेको 'वन बेल्ट वन रोड' जस्ता आकर्षक परियोजनाहरूबाट आकर्षित बन्दै गए । खासगरी अमेरिकामा ट्रम्पको विजय पछि उसले अगाडि सारेको 'अमेरिका पहिलो'भन्ने उसको संरक्षणवादी नीतिका कारण चीनको लोकपृयता युएन, विश्व व्यापार संगठन, विश्व बैकआदि जस्ता संस्थामा उसको प्रभावको विस्तार बढदै जानु विश्व राजनीतिक रङमञ्चमा चीन एउटा उदीयमान शक्तिका रूपमा अगाडि बढीरहेको अमेरिकाका लागि सेह्य थिएन । यसका लागि उसले चीनलाई उसको तीब्र गतिमा विकास भइरहेको आर्थिक अवस्था र सैनिक क्षेत्रमा गरिहेको उन्नती र विकासलाई कसरी रोक्ने भन्ने अहिलेको अमेरिकाको लागि चांसो हो । र उसका लागि यस्तो काम चीनका छिमेकी देशहरूमाथि आफ्नो प्रभाव विस्तार गरेर र उसको भूमिको उपयोग गरेर मात्रै गर्न सकिन्छ भन्ने हो । यहि नीतिको कार्यान्वयनका लागि अमेरिकाले नेपालमा नेपाल सरकारसित मिलेर एमसीए नेपाल गठन गर्ने निर्णय गरेर यो काम अगाडि बढाइसकेको छ। अब यहा' छलफल गरौ कि एमसीए नेपालले नेपालमा के गर्ने ?

**एमसीए नेपाल परियोजनाले नेपालमा के गर्ने ?**

अमेरिकी सरकारले एमसीसीमार्फत ५० करोड डलर र नेपाल सरकारको १३ करोड डलर लगानी रहेको छ। यो कार्यक्रममार्फत नेपालमा ४ सय केभीको ३ सय १२ किमि विद्युत प्रसारणलाइन, तीनवटा सबूस्टेसन र सय किमि सडक बनाउनेछ । यसैगरी नेपालको उर्जा क्षेत्रलाई प्राविधिक सहयोग उपलब्ध गराउनेछ । उक्त प्रशारण लाइनले



● हुकुमबहादुर सिंह ●

**कुनै बहानामा नेपालमा आन्तरिक लडाई वा युद्ध भयो भने त्यसमा अमेरिकी हतियार र सेनाको प्रत्यक्ष प्रयोग हुने छ । यसले नेपाललाई आजका सिरिया, रूवाण्डा, रूमानिया, इसाकसम्मको अवस्थामा पुऱ्याउने छन । एमसीसीसंगै ओली सरकारले एउटा अर्को राष्ट्रघाती विधेयक संसदमा पेश गदैछ**

नेपालका १० जिल्लाका २०वटा नगरपालिका र गाउपालिका भएर जानेछ भने रातामाटे, दमौली र बुटबलमा सब् स्टेसन निर्माण गर्नेछ।

सडक र बिजुली वाहेक अन्त लगाउन पाइदैन । ३०० किलोमिटरको हायभोल्टेज प्रशारण लाइन र जसमा ४० करोड डलर र ३०० किलोमिटरको सडक ।

सडक मर्मत आयोजनाले नेपालको रणनीतिक सडक संचालनका लागि गर्ने गरिएका योजना तर्जुमाा तथा कार्यान्वयन सम्वन्धी अभ्यासमा सुधार ल्याउने उद्धेश्यसहित सडक विभाग र सडक बोर्ड नेपाललाई प्राविधिक सहयोग उपलब्ध गराउने पनि उल्लेख गरिएको छ । आयोजनाले सडक मर्मत सम्भारका क्रममा सडक सुधार प्रविधि कार्यान्वयन गर्नुका साथै सडक सुरक्षा अभिवृद्धि सम्वन्धी पहल अगाडि बढाउनेछ।

बुटबल-गोरखपुर सीमापार प्रसारण लाइनको कार्यान्वयनलाई संचालन गर्ने लगानी तथा स्वामित्वसम्वन्धी संरचनामा नेपाल सरकार तथा भारत सरकारबीच सन् २०१९ अक्टोवर १५मा सहमति भइसकेको छ । यो सहमति कम्प्याक्ट र यसका पूर्वसर्तहरूको एक अभिन्न अंग रहेको एमसीए नेपालले जनाएको छ।

एमसीसी र हिन्द प्रशान्त रणनीतिबीचको अन्तरसम्वन्ध के हो ?

अहिले नेपाली राजनीतिमा एमसीसी र हिन्द प्रशान्त रणनीतिवारे निकै बहस भइरहेका छन् । कोही पक्षमा छन भने कोही विपक्षमा । यस सन्दर्भमा एमसीससिम्वन्धी सम्झौतका निम्नलिखित प्राव्धानहरू नेपालको संविधान कानुन र सार्वभौमिक समानताको सिद्धान्तसंग मेल खान्छन कि खादैनन भनेर हेर्नु आवशयक छ ।

काठमाडौ स्थित अमेरिकी दूतावासले जवबि त्यसले पहिले नै एमसीसी परियोजना इन्डो प्यासिफिक मिलिटरी मिसनकै एक अंग भएको प्रष्ट पारेको थियो । त्यसलाई स्पष्ट पार्दै अमेरिकी सबै कार्यक्रमहरू यही स्ट्राटेजीअन्तर्गत सञ्चालन भइरहेको भनेृर दूतावासले जनाएको थियो । 'इन्डो-प्यासिफिक स्ट्राटेजी अमेरिकी नीति हो र यो यस क्षेत्रमा गर्ने हरेक कामका लागि दिइएको नाम हो, दूतावासका अधिकारी कार्ल रोजर्सले एक राष्ट्रिय दैनिकसँग कुरा गर्दै भनेका थिए, ' यो कुनै संगठन वा गठबन्धन होइन, न नेपाल वा अन्य कनै देशलाई यसमा सहभागी हनु नै भनिएको छ । इन्डो-प्यासिफिक सहभागी देशकै हितका लागि तय गरिएको नीति भएको उनले बताए । 'यस नीतिअनसुार नेपाल बलियो हदा अर्मेरिका बलियो हुन्छ, नेपाली स्वस्थ हुँदा अर्मेरिकी स्वस्थ हुन्छन्,' उनी भन्छन्, 'नेपालको सार्वभौमिकता सबल भयो भने अमेरिकाको सार्वभौमिकता पनि सबल हुन्छ किनभने इन्डो-प्यासिफिक रणनीति भनेकै स्वहित हो ।' तर के स्पष्ट हो भने इन्डो प्यासिफिक मिलिटरी मिसन भएको र त्यस अन्तर्गतको एमसीसी परियोजना स्वीकार गर्नु भनेको नेपाल अमेरिकी सैन्य क्याम्पमा आबद्ध हुन पुग्नु हो र इन्डोप्यासिफिक रणनीति चीनलाई घेर्ने रणनीति भएकोले त्यस्तो रणनीतिमा सहभागी हुँदा नेपालको सार्वभौमिकता गम्भीर खतरामा पर्ने भन्दै नेकपा (क्रान्तिकारी माओवादी) लगायत राजनीतिक पार्टीहरूले विरोध गरिरहेका छन् । सत्तारुढ डबल नेकपाभित्र पनि केही नेताहरूले एमसीसी संसदबाट पास गर्न नहुने भन्दै आवाज उठाइरहेका छन् । र तिनीहरूलाई केही समयका लागि(संसदमा पास गर्नका लागि) सम्भवतःसरकारी नेकपाभित्रका अमेरिकी दलालहरूको सल्लाह र सुझावमा नेकपाभित्रका एमसीसी विरोधीहरूलाई उनीहरूको मुख बन्द गराइदिन अमेरिकी दुतावासले अहिले झुट बोलीरहेकोछ र भन्दै छ– 'एमसीसी परियोजना इन्डो प्यासिफिक रणनीतिको अंग होइन ।'

अहिले जसरी एमसीसीवारे समर्थन र यसको विरोधवारे जेजस्ता बहस सामाजिक सञ्जालमा देखिएका छन् तिनको पछाडि लाग्ने वा नलाग्ने भन्दा पनि यी निम्न बुँदाहरू के हुन ? यी बुँदाहरूले एमसीसी के हो र के होइन भन्नेवारे स्पष्ट पार्न मद्त गर्ने छ , जसमा भनिएको छ :

एमसीसीका केही प्रस्तावहरू : १) धारा ३ को दफा ३(२) (च) 'सम्पूर्ण बौद्धिक सम्पत्तिमा अमेरीकाको पूर्ण अधिकार हुनेछ।' अर्थात् एमसीसीले काम गर्ने दायरामा आउने सबै प्रकारको बौद्धिक सम्पत्तिमा अमेरीकाको एकलौटी अधिकार हुनेछ । २) धारा ३ को दफा ३(८) (क) 'परियोजनाको लेखापरीक्षण अमेरिकाको कम्पनीले मात्र गर्न सक्नेछ।' ३) धारा ५ को (क) र (ख) 'अमेरिकी सरकारले चाहेमा जुनसुकै बेला पनि यो संझौता रद्द गर्न सक्नेछ ।' धारा ७ को दफा ७ (क) ' प्रस्तुत सम्झौता लागु भएपछि प्रस्तुत संझौतामा उल्लेखित र नेपालको राष्ट्रिय कानून बाझिएमा प्रस्तुत सम्झौता लागू हुनेछ ।' एमसीसी...लगानीका नाममा चयन गर्ने क्षेत्रहरूमा एमसीसीले बनाएको कानून लागु हुने र यसलाई बाधा पार्ने नेपालका कानूनहरू खारेज हुने । अनुसूची १ (ग) को २ 'यस परियोजनामा नेपाल सरकारले राज्यका कुनै पनि निकायलाई खटाउनु पर्दा एमसीसीको स्विकृति लिनु पर्नेछ।' अनुसूची ४ (क) 'नेपाल सरकारले एमसीसीलाई चित्त बुझ्ने योजना तयार पारी पठाउनु पर्नेछ र त्यस्तो योजना इण्डियाको सरकारले समर्थन गरेको हुनु पर्नेछ ।'

माथिका बुँदाहरूको विश्लेषण गर्दा केही गम्भीर प्रश्नहरू उठछन् । प्रथम एमसीसीले काम गर्ने दायरामा आउने सबै प्रकारको बौद्धिक सम्पत्तिमा अमेरीकाको एकलौटी अधिकार हुनेछ। नेपालले चाहिं सबै गुमाउनु पर्नेछ। द्धितीय परियोजना कसरी, कुन रूपमा र कति खर्चमा चलिरहेको छ भनेर जान्ने अधिकार नेपाललाई हुने छैन । तृतीय यो परियोजना नेपाललाई मन नलागे पनि अगाडि बढाउनु पर्ने तर उद्देश्य पूरा नहुने देखेमा बिचैमा खारेज गर्ने अधिकार अमेरीकालाई मात्र हुनेछ। चौथो अनुदानको खोल ओढाएर नेपालको नाममा कार्यक्रम चलाउने तर नेपालले एमसीसीको अनुमति विना १ जना पनि कर्मचारी नियुक्त गर्न नपाउने । पांचौ सिआइएले नेपालको नाममा युद्ध रणनीति तय गर्ने तर सारमा यो ईण्डियाको हुने। ईण्डियाले स्विकृत नगरेसम्म अमेरीकाले अनुदान नदिने।

यही सन्दर्भलाई लिएर नेकपा(क्रान्तिकारी माओवादी)ले बक्तब्यमार्फत एमसीसीवारे आफ्नो आधिकारिक धारणा सार्वजनिक गरेको छ, जसमा भनिएको छ-'एमसीसी नेपालमा उसको सैन्य अखडा निर्माण गरी छिमेकी चीनलाई घेरा हाल्ने योजना अन्तरगत लागू गर्न खोजिएको भन्दै एमसीसीलाई संसदबाट अनुमोदन गराउन खोज्नु राष्ट्रिय आत्मसमर्पणवादी दलालहरूको राष्ट्रघाती कुकृतय हो। पार्टीका महासचिव मोहन वैद्य किरणले यहि शनिवार जारी गरेको पूर्ण पाठ यसप्रकार छ :

'यतिबेला नेपालको राजनीति एमसीसी( मिलिनियम च्यालेञ्ज कम्प्याक्ट)को वोरिपरि केन्द्रित भएको छ । पूर्वी तथा दक्षिण एशियाली क्षेत्रमा आफ्नो प्रभुत्वलाई अझै बलियो बनाउन र चीनलाई घेरा हाल्ने हिन्द-प्रशान्त रणनीतिको हिस्साका रूपमा नेपालमा आफ्नो सैन्य अखडा निर्माणको अआधार तयार पार्नका लागि अमेरिकी साम्राज्यवादले एमसीसलिाई अगाडि सारेको कुरा स्पष्ट छ। फेरी नेपाली जनतालाई ठूलो आर्थिक अनुदानको भ्रममा पारी सत्तापक्ष र प्रतिपक्ष दुवैले एमससीलाई संसदबाट अनुमोदन गराएर अमेरिकी सैन्य योजनालाई सफल पार्न जोदिइराखेकाछन् । यसप्रकारको स्थितिको गम्भीरतालाई आत्मसात गरी हाम्रो पार्टीले एउटा सार्वभौम मुलुकमाथि सैन्य अखडा नीर्माण गर्ने अमेरिकी साम्राज्यवादी योजनको कडा विरोध गर्दछ र त्यो येजनालाई सफल पार्नका लागि एमससिलिाई संसदबाट अनुमोदन गराउन खोज्ने दलालहरूको राष्ट्रघाती कदमलाई असफल पार्न र उक्त साम्राज्यवादी योजनाका विरुद्ध उकतावद्ध भएर सशक्र आवाज उठाउन आम जनसम/दायसहित सम्पूर्ण देशभक्तहरूलाई जोडदार आव्हान गर्दछ ।'

यसरी विवादास्पद भएको एमसीसी आयोजना नेपाल र नेपालीको विकास र उन्नतीको नाममा नेपालमाथि अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको चीन विरुद्धको सैनिक गठबन्धनलाई नेपालको भूमिको उपयोग गरेर बलियो बनाउने रणनीति हो भन्ने स्पष्ट हुन्छ ।

सारांसमा

यहाँनेर एमसीसीवारेको स्वाभिमानी नेपाली जनतालाई मन नपरेको र विरोधको एउटा मूल सबैभन्दा विवादीत विषय के हो भने :ऋण पास भएपछि अमेरिकी सेना नेपालका तीन जिल्ला चितवन, पाल्पा र मुस्तांगमा बस्ने भनिएको छ । जसअनुसार एमसीसी परियोजनाका लागि भनेर अमेरिकाले झण्डै ५देखि १० हजार सेना नेपालमा स्थायी रूपले राख्ने छ । त्यसका लागि चितवनमा पहिलो क्याम्प दोस्रो पाल्पाको बसन्तपुर डाँडो र मुस्तांगको माथिल्लो भागमा रहने छन् । जसले परियोजना सम्पन्न भइसकेपछि पनि रेखदेख गर्न भनेर यहि बस्नेछन् । मुगुको राराताल नजिकै हतियार भण्डार गर्ने योजना एमसीसीको नक्शामा देखिन्छ। उत्पादित सबै विजुली नेपालमा भन्दा पहिले चितवनबाट सिधै बुटवल हुँदै गोरखपुर पुग्नेछ। त्यसपछि बल्ल पाल्पाको क्याम्पमा आउनेछ, जो नेपालको एतिहासिक स्थल जितगढीको माथिल्लो भाग पनि हो ।

एमसीसीले तयार पारेका कुनै पनि अवधारणा, भूभाग, विद्यूत ट्रान्समिसनलाइन र सडक संजाल उसले भनेकै अनूरूप नेपालले स्विकार्नु पर्छ । हाम्रो आवश्यकताको त्यहा' सुन्य अर्थ राख्छ । एमसीसीका नाममा नेपालको कानुनले नसमात्ने गरी छुट्टै खाता हुने र त्यसले गर्ने अन्य संकास्पद बैकिंग कारोवार तथा त्यसबाट आउने ब्याज अमेरिकाको हातमा हुने छ। लेखापरिक्षण पनि उसले नै गर्ने छ । त्यो पैसा नेपाल सरकारले लगानी गर्ने १३ अर्व पनि उसकै हातमा जान्छ, उसले परियोजनमा जनशक्ति पनि अमेरिकाबाटै ल्याउछ भने प्रयोग गर्ने साधनदेखि सम्पूर्ण आवश्यक चीजवस्तु ुउतैबाट ल्याउछ र त्यसको नाममा अत्याधुनिक हतियारहरू पनि ल्याउन पाउने उसको सर्त छ ।

परियोजनाले एक रूपीया' पनि कर तीर्ने छैन र नेपालको तर्फबाट कोहिले त्यसवारे बुझ्न चाहेमा अमेरिकी दुतावासको स्विकृति चाहिनेछ। परियोजना अवधिमा यतिसम्म की नेपाली भाषाको समेत प्रयोग गर्न पाइने छैन , कर्मचारी र कामदार पुर्ण रूपले अमेरिकाले नियुक्ति गर्नेछ, दिल्ली वा अमेरिकाले चाहेको बेला कुनै पनि समयमा पूर्व जानकारी विना पनि यसको रद् गर्न सक्छ यदि त्यसो भएमा नेपाल सरकारको १३ अर्वसमेत अमेरिकी खातामा जाने छ । यी त तत्थ्यगत कुरा भए । यी वाहेक नेपालमा झण्डै १० हजार अमेरिकी सेनाको कुनै अवधि हुने छैन । र तिनको मुख्य काम पूर्वी एशीयालाई कब्जा गर्न रहनेछ । उनीहरूले मनग्य हथियार र नजिकबाट चीनलाई घेर्ने छन र चीनको कुनै पनि लगानी नेपालमा लागुहुन दिने छैनन, भोली कुनै बहानामा नेपालमा आन्तरिक लडाई वा युद्ध भयो भने त्यसमा अमेरिकी हतियार र सेनाको प्रत्यक्ष प्रयोग हुने छ । यसले नेपाललाई आजका सिरिया, रुवाण्डा, रुमानिया, इसाकसम्मको अवस्थामा पुऱ्याउने छन । एमसीसीसंगै ओली सरकारले एउटा अर्को राष्ट्रघाती विधेयक संसदमा पेश गदैछ-'युरेनियम सम्बन्धी विधेयक' । कतै यो अमेरिकी सेनाले मुस्तांगलाई एउटा आधार मान्नु र मनांगको माथिल्लो भेगमा उसले हथियार भण्डारण गर्ने योजना कतै यसैसित संलग्नत होइन ? संका गर्ने ठाउँ छ ।

यस्तो राष्टघाती निर्णयलाई नेपाल सरकारले सख्त रिजेक्ट गरोस वा यसमा भएका सबै नेपालको राष्ट्रियता तथा सार्वभौमिकतालाई नकारात्मक असर गर्ने बूँदाहरू संशोधन गरेर मात्र संसदवाद पास गरोस, जसका लागि नेपालमा वर्सौदेखि विकासको क्षेत्रमा काम गर्दै आएको अमेरिकी सहयोग नियोग- युएसएआइडि मातहत यसलाई एउठा ठूलो परियोजनाका रूपमा यसको कार्यान्वयन गर्ने निर्णय गरोस, यसैमा नै नेपाल र नेपालीको हित छ भन्ने आम जनमत छ ।


hukumsingh2012@yahoo,com

# प्राध्यापकद्वय यादवले भने– 'हामी क्रान्तिकारी माओवादी निकट प्राध्यापक संगठनमै आबद्ध छौं'

काठमाडौं । नेपाल राष्ट्रिय प्राध्यापक संगठनका तत्कालीन महासचिव शिवनारायण यादवले छेरेको भ्रमको खण्डन गर्दै प्राध्यापकद्वय डा. किशोरी यादव र चिदानन्द महात्मान यादवले एक वक्तव्य जारी गरी आफूहरू नेकपा (क्रान्तिकारी माओवादी) निकट नेपाल राष्ट्रिय प्राध्यापक संगठनमै आबद्ध रहेको स्पष्ट पारेका छन् र अविचलित रूपमा यसै संगठनमा रहिरहने दृढता पनि व्यक्त गरेका छन् ।

दशवर्षे महान जनयुद्धका घाइते, अपाङ्ग, सहिदहरूको बलिदान, त्या, समर्पण र ती महान लक्ष्यहरूलाई कदापि बिर्सन नसक्ने भन्दै प्राध्यापकद्वय यादवले वक्तव्यमा भनेका छन्, 'प्राध्यापकहरूको पेशागत हकहितको पूर्ण सुरक्षा नेकपा (क्रान्तिकारी माओवादी) निकट नेपाल राष्ट्रिय प्राध्यापक संगठनबाट मात्र हुने हुँदा सम्पूर्ण सम्पूर्ण देशभक्त तथा प्रगतिशील प्राध्यापकहरूलाई यस वैचारिक संगठनमा आवद्ध हुन अपील गर्दछौं ।'

मधेसी समुदायका प्राध्यापकहरूको समस्याबारे विभिन्न राजनीतिक पार्टीका मुख्य नेतृत्वको ध्यानाकर्षण गराउने कार्यक्रमलाई नै पौष २४ गते तत्कालीन संगठनका महासचिव शिवनारायण यादवले डबल नेकपाका दोस्रो अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड निवासमा पार्टी प्रवेश कार्यक्रम भनेर समाचार सम्प्रेषण गराएको भन्दै उनीहरूले शिवनारायण यादवको त्यस्तो कार्यलाई घृणित कार्य भन्दै मधेसी समुदायका प्राध्यापकहरूलाई सजग रहन वक्तव्यमा हार्दिक अनुरोध गरिएको छ ।


प्रेस विज्ञप्ति

मिति २०७६।०९।२४ गतेका दिन त्रिभुवन विश्वविद्यालयका बैचारिक संगठनहरुको मधेशी समुदायका प्राध्यापकहरुको समस्याहरु बारे बिभिन्न राजनीतिक पार्टीहरुको मुख्य नेतृत्वको ध्यानाकर्षण गर्ने कार्यक्रम रहेको भनी नेकपा (क्रान्तिकारी माओवादी) निकट नेपाल राष्ट्रिय प्राध्यापक संगठनका तत्कालिन महासचिब शिव नारायण यादबले डबल नेकपाका देश्रो अध्यक्ष पुष्पकमल दहाल (प्रचण्ड) निवासमा निज समक्ष आकस्मिक पार्टी प्रवेश कार्यक्रम भन्ने जस्तो समाचार समप्रेषण गराएको प्रति असहमति रहेको कुरा जानकारी गराउछौं। साथै आगामी दिनहरुमा यस्ता घृणित कार्यहरु हुन सक्ने हुदा मधेशी समुदायका प्राध्यापकहरु सजग रहनु हुन हार्दिक अनुरोध गर्दछौं। हामी प्राध्यापकहरुको पेशागत हकहितको पुर्ण सुरक्षा नेकपा (क्रान्तिकारी माओवादी) निकट नेपाल राष्ट्रिय प्राध्यापक संगठनबाट मात्र हुने हुदा संम्पुर्ण देशभक्त तथा प्रगतिशील प्राध्यापकहरुलाइ यस बैचारिक संगठनमा आवद्ध हुन अपिल गर्दछौं। दश वर्षे महान जनयुद्दका घाइते अपाङ्ग र शहिदहरुको बलिदान त्याग समर्पण र ती महान लक्ष्यहरुलाई कदापि बिर्सन नसक्ने हुदाँ हामी डा. किशोरी यादब र चिदानन्द महात्मान यादब, नेपाल राष्ट्रिय प्राध्यापक संगठनमा आबद्द रहेकोमा सर्वबिदितै छ र साथैं यसै संगठनमा अविचलित रुपमा रहि रहने दृढता ब्यक्त गर्न चाहन्छौं।

## लिम्पियाधुरा...

उत्रने चेतावनी दिएको छ । रिपोर्टर्स क्लबमा पत्रकार सम्मेलन गरी नेपालको सम्पूर्ण भूभाग समावेश गरी नक्शा सार्वजनिक गर्दै अभियानले सरकारसँग आधिकारिक नक्शा सार्वजनिक गर्न माग गरेको हो । अभियानले यसलाई देशव्यापी बनाउने जानकारी दिएको छ । तत्काल प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर नक्शा हस्तान्तरण गरी कुटनीतिक पहलबाट समस्या समाधान गर्न अनुरोध गर्ने निर्णय समेत गरिएको जानकारी दिइयो । सार्वजनिक गरिएको नक्शालाई विश्वविद्यालय र विद्यालयका विद्यार्थीहरूका माझ वितरण गरिने अभियानले जनाएको छ ।

अभियानका संयोजक भैरव रिसालले भने, 'कि त हामीले तयार पारेको नक्शा बेठिक भन्नुपर्‍यो कि सार्वजनिक गर्नुपर्‍यो,' रिसालले भने, 'देशको अतिक्रमित भूभाग समावेश गरी राज्यले तत्काल नक्शा सार्वजनिक गरोस् ।' वर्तमान सरकारले आफ्नै देशको भूभाग समेटेर नक्शा सार्वजनिक गर्न अलमल गरिरहेको भन्दै आलोचना गरे । उनले प्रश्न गरे, 'देशको नक्शा सार्वजनिक गर्न सरकारलाई केले रोक्यो ?' सरकारले नक्शा सार्वजनिक गर्न आनाकानी गरेमा देशव्यापी अभियान चलाउने चेतावनी दिए । सरकारलाई जनस्तरबाट व्यापक दबाब सिर्जना गर्न आग्रह समेत गरे । यस विषयलाई लिएर गाँउ गाँउमा कार्यक्रम गर्ने योजना बनाएको जानकारी दिए । पूर्व सचिव द्वारिका डुंगेलले सरकासँग तत्काल अतिक्रमित भूभाग समावेश गरी नक्शा सार्वजनिक गर्न माग गरे । नगरिक स्तरबाट जारी गरेको नक्सा सरकारका मन्त्रीहरूसामु प्रस्तुत गरेर सार्वजनिक गर्न माग समेत गरिसकेको बताए । नापी विभाग सार्वजनिक गर्न स्वीकारे पनि भूमि सुधार मन्त्रालयले नमानेको कारण अहिलेसम्म नक्सा सार्वजनिक नभएको बताए । उनले भने, 'प्रधानमन्त्री केपी शर्मा आली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भएको कुराकानीले वैज्ञानिक आधारबाट सीमाको समस्या समाधान गरी निष्कर्षमा पुर्‍याउने भनिएकोमा त्यसबारे अझै कुनै ठोस पहल किन भइरहेको छैन ?'

परराष्ट्र मन्त्रालय तहबाट दुवै देशबीच भएको पत्राचारलाई अहिलेसम्म सरकारले प्रकाशित नगरकोमा प्रश्न गरे । सीमा बचाउने र आफ्नै नक्शा जारी गर्ने मामलामा सरकार उदासिन रहेको भन्दै आलोचना गरे । दार्चुलास्थित व्यास गाउँपालिकामा देशभित्रबाट नै पुग्ने बाटो नभएर भारतीय भूमी प्रयोग गर्नुपर्ने वाध्यात्मक अवस्था आउँदा भारतीय सेनाले अप्ठ्यारो पार्नेगरेको भन्दै तत्काल बाटो निर्माणको माग गरे । यसबारे गृहमन्त्रालयलाई आग्रह समेत गरिएको उनको भनाई थियो ।




प्रा.डा नरेन्द्र खनालले अभियानले जारी गरेको नक्सा सरकारले सार्वजनिक गर्नुपर्ने बताए । नेपाल र भारतबीचको सीमानामा रहेको सुस्ता ठूलो क्षेत्रफलको रहेको खुलाए । मेची क्षेत्रको सीमा विवादमा भारतले मानी सकेको उनको भनाई थियो । तर, पश्चिममा महाकाली क्षेत्रको सीमा विवाद र सुस्ताको विषय अझै समाधान नभएको बताए । कालापानी र सुस्ताको विषयमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिए । सीमा बचाऊ अभियानको कदमले सरकारमाथि दबाब बढ्ने बताए ।

वरिष्ठ जलविज्ञ डा. जगतकुमार भुषालले सरकारले नक्शा सार्वजनिक नगरे देशव्यापी अभियानमा जाने बताए । देशको अतिक्रमित भूभागसहितको नक्शाका लाग देशव्यापी आन्दोलनमा जान वाध्य हुने बताए । देशको भूमी एक इन्चपनि अतिक्रमित हुन नहुने भन्दै कालापानी, लिम्पियाधुरा क्षेत्रका अलावा सुस्ताको अतिक्रमित भूभागसहितको नक्शा सरकारले जारी गर्नुपर्ने बताए । अभियानको नक्शा समितिका सदस्य कमल बरालले तत्काल सरकारले कालापानी, लिम्पियाधुरा र सुस्तासहितको नक्शा सार्वजनिक गर्नुपर्ने बताए । देशको भूभाग अतिक्रमणमा परेरको छर्लंग हुँदा पनि प्रतिरोध गर्न नसकेको भन्दै सरकारको आलोचना गरे ।

भारतले नक्शा, भूमि अतिक्रमण हुँदै प्रशासनिक अतिक्रमण गरी तीन तरिकाले अतिक्रमण गरेको भन्दै नेपाल सरकारले पनि यसरी नै तीन तरिकाले प्रतिरोध गर्नुपर्ने बताए । नक्शा अतिक्रमणको प्रतिरोधमा नक्शा सार्वजनिक गर्नुपर्ने, भूमि अतिक्रमणको विरुद्धमा सेना परिचालन गर्नुपर्ने र प्रशासनिक अतिक्रमणको प्रतिरोध गर्न विकास निर्माणको काम गर्नुपर्ने माग गरे । आफ्नो भूभागमा विकास गर्न भारतसँग सोध्नुनपर्ने भन्दै तत्काल काम अगाडि बढाउन माग गरे ।

**यस्ता छन् सीमा बचाऔं अभियानका माग**

१.लिम्पीयाधुरा, लिपुलेक तथा कालापानी र सुस्ताक्षेत्र नेपालको सरहद भित्र रहेको स्पष्ट देखिने गरी अविलम्व नया नक्सा जारी गर्न सरकार समक्ष पुनः जोडदार आह्वान गर्दछौं ।

२.सीमा बचाऔँ अभियान, नेपालका तर्फबाट नक्सा समितिले लिम्पीयाधुरा, लिपुलेक तथा कालापानी समावेश गरी नागरिक स्तरबाट तयार गरिएको नक्सा नेपाल सरकारका उपप्रधानमन्त्री, परराष्ट्रमन्त्री, गृहमन्त्री, भूमीसुधार तथा व्यवस्थामन्त्री र शिक्षा तथा विज्ञान प्रविधिमन्त्री समक्ष प्रस्तुत गरिएपछि सरकारबाट यस सम्बन्धमा भएका गरेका सम्पुर्ण कृयाकलापको विवरण तत्काल सार्वजनिक गरियोस् । साथै लिम्पीयाधुरा, लिपुलेक, कालापानी र सुस्ता क्षेत्र समावेश भएको नक्सा तयार गरी तुरुन्त प्रकाशनमा ल्याउन मन्त्रीपरिषदले भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई तत्काल निर्देशन दिइयोस् ।

३. प्रधानमन्त्री के पी शर्मा ओलीबाट भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग कुराकानी गरी दुई देशका बीच कायम सीमा सम्बन्धी विवाद ऐतिहासिक दस्तावेज तथा बैज्ञानिक आधारमा टुँग्याउनु पर्ने मा सहमति जनाउन लगाई कर्मचारी स्तरमा वार्ता हुनु पर्दछ भन्ने दृढ विश्वास राख्दछौं । अतस् सीमा बचाऔँ अभियान, नेपालका तर्फबाट र नागरिक समाजका तर्फबाट भएका प्रयास र मन्त्रीहरूसँग अभियानका सदस्यहरूको भेट पछि सरकारले गरेका सम्पूर्ण प्रयास तत्काल सार्वजनिक गरियोस् ।

४.भारतसँग निश्चित समयसीमा किटानगरी सीमा विवाद तत्काल टुग्याँइयोस् ।

५.परराष्ट्रसचिव स्तरमा बस्ने भनिएको बैठकका बारेमा नेपाल भारतका बीच भएका पत्राचारको बास्तविकता सार्वजनिक गरियोस् ।

६.सूर्यनाथ उपाध्यायको संयोजकत्वमा गठित समितिको प्रतिवेदन सार्वजनिक गरियोस् ।

७. दार्चुला जिल्लाको सदरमुकामबाट व्यास क्षेत्र पुग्ने बाटो निर्माणका सम्बन्धमा गरिएको नागरिकहरूको आह्वान पछि सरकारबाट भएका कार्यको विस्तृत विवरण तुरन्त प्रकाशनमा ल्याइयोस् । साथै त्यस क्षेत्रमा राज्यको उपस्थितिका बारेमा सरकारबाट के ठोस कार्य भए सो को वृस्तृत विवरण सार्वजनिक गरियोस् ।

८.संसदको सम्वन्धित समितिले सरकारका प्रतिनिधि तथा विज्ञहरूलाई आमन्त्रण गरेर भारतले अतिक्रमण गरेका क्षेत्रको वास्तविकताका बारेमा तुरन्त छलफल गरी सरकारलाई निर्देशन जारी गरोस् ।

स्मरण रहोस् कि मन्त्रिपरिषद्का महत्वपूर्ण सदस्यहरू तथा प्रतिनिधि सभाको अन्तराष्ट्रिय सम्बन्ध समितिलाई लिम्पीयाधुरा, लिपु तथा कालापानी क्षेत्र समावेश गरी तयार गरिएको नक्सा सीमा बचाऔँ अभियान, नेपालका तर्फबाट हस्तान्तरण गरिएको थियो । नक्सा हस्तान्तरणको क्रममा मन्त्रीपरिषदका सदस्य तथा समितिका सभापति समक्ष दार्चुला जिल्लाको व्यास क्षेत्रमा नेपाल नेपालै आवतजावत गर्न सक्ने गरी बाटो निर्माण गरिनु पर्ने अवश्यकता औंल्याइएको थियो । साथै सो क्षेत्रमा राज्यको उपस्थिति तथा त्यस क्षेत्रका बासिन्दाको सामाजिक तथा आर्थिक विकास का लागि कार्यक्रम सञ्चालन गर्न समेत माँग गरिएको छ । यी कृयाकलापका अतिरिक्त भारतले नेपालको अतिक्रमित भूभाग समावेश गरेर नया नक्सा प्रकाशन गरेपछि सीमा बचाऔँ अभियानले मुलुकको जमिन माथी अधिकार कायम गराउने विषयमा आम जनतालाई विभिन्न कार्यक्रम गरी सूसुचित गर्ने कार्य समेत गर्दै आएको छ र सीमा विवाद नटुङ्गिउन्जेल सूसुचित गर्ने कार्यलाई निरन्तरता दिने छ ।

**सीमा बचाऔं अभियानको अपिल**

*आदरणीय पत्रकार मित्रहरू !*

भारतीय हस्तक्षेप तथा सीमा अतिक्रमणका विरुद्ध राष्ट्रियतालाई अझ बलियो बनाउने दिशामा यतिखेर सिङ्गो देश नै आन्दोलित छ । हाम्रो देशको अभिन्न अङ्ग रहिआएका हाम्रो भूमि लिम्पियाधुरा, कालापानी,लिपुलेक सुस्ता लगाएत क्षेत्रहरूमाथि यतिखेर भारतीय शासकबाट भएको हस्तक्षेपको चुनौतिपूर्ण र संवेदनशील अवस्थामा पूर्व मेचीदेखि पश्चिम महाकाली तथा तराईदेखि हिमालसम्मका सबै नेपालीहरू एकजुट भएर त्यसको प्रतिरोध गर्नुभन्दा राम्रो अर्को विकल्प छैन । यस विषम परिस्थितिमा हामी नेपालीहरू चाहे जुनसुकै धर्म, लिङ्ग र जातिका होऊँ वा जुनसुकै राजनैतिक मतका होऊँ, आ(अफ्ना मत मतान्तरहरू भन्दा माथि उठ्दै एकजुट भएर राष्ट्रिय अस्मिताको विषयलाई सशक्त रूपले अघि बढाउन जरुरी छ भन्ने हामी ठान्दछौं । विषयको यही गम्भीरतालाई ख्याल गर्दै जनस्तरमा गठन भएको सीमा बचाऔं अभियान, नेपालले विभिन्न अभियानहरू मार्फत सीमा अतिक्रमण विरूद्धमा आवाज बुलन्द गर्ने र सबै सम्बन्धित पक्ष र निकायहरूलाई दबाब दिने उद्देश्य राखेर अगाडि बढिरहेको छ ।

यस सीमा बचाऔं अभियानले गत मंसिर ६ गते यहि रिपोटर्स् क्लबमा पत्रकार सम्मेलन गरी लिम्यियाधुरा कालापानी क्षेत्र समेटिएको नेपालको नक्सा सार्बजनिक गरी सरकारका बिभिन्न निकायहरूमा बुझाई दबाब सिर्जा गरियो तर सरकरका तर्फबाट चित्त बुझ्दो ढंगले काम हुन सकेको छैन् । कुटनैतिक पहल जसरी हुनु पर्नेहो त्यो भएरहेको छैन ।भारतिय पक्षले आफ्नो पुरानै अडान दोहोर्याई रहेको छ ।यस परिस्थितमा जनस्तर बाट खोजी भई अभियानलाई आएको सुझाब लाई मनन गरी नेपालको दोश्रो ठुलो अतिक्रमित क्षेत्र सुस्ताको नक्सा प्रकासित गरेका छौ ।यो दबाब अभियानलाई निरन्तर जारी राख्नु पर्ने देखिएको छ ।

आदरणीय जनसमुदाय, सीमा अतिक्रमणसँग जोडिएर आएको राष्ट्रियताको यो सवाल सारा नेपालीहरूको साझा सवाल हो । यसर्थ जजस्ले जहाँ जहाँ सीमा अतिक्रमण विरूद्धका आवाजहरू जे जजसरी बुलन्द गर्न सकिन्छ गरौं । सँगसँगै, एक आपसमा मिलेर गर्न सकिने कार्यक्रमहरूमा पनि हातेमालो र ऐक्यबद्धता जाहेर गर्दै अतिक्रमण विरूद्ध प्रतिरोध महाअभियानको आँधिबेरी सिर्जना गरौं । यसका लागि आबश्यकिय हदसम्म साझा संयन्त्र निर्माण गर्ने दिशामा पनि पहल गरौं ! राष्ट्रिय अखण्डता र स्वाधीनताको रक्षाको यस अभियानमा सम्पूर्ण मजदुर, किसान, महिला, विद्यार्थी, बुद्धिजीवी, पत्रकार, कर्मचारी, राजनैतिक व्यक्तित्व लगायत सम्पूर्ण न्यायप्रेमी र देशभक्त सबै जन समुदायहरू सबै जुटौं ! आ(आफ्नो क्षेत्रबाट अभियानको सफलाताका लागि आर्थिक भौतिक, नैतिक जेजस्तो सहयोग र समर्थन दिन सकिन्छ सहभागिता र ऐक्यबद्धता जनाऔं भन्दै सरकारलाई तत्काल निम्न माग गर्दछौः-

*१ नेपालको आधिकारिक नक्सा तत्काल सार्बजनिक गर ।*

*२ दसगजा क्लियर गर ।*

*३ सिमानामा सुरक्षा फौज तत्काल राख ।*

*४ बिज्ञ हरूको टोलि बनाई तत्काल कुटनैतिक बार्ता अगाडि बढाउ ।*

सीमा बचाऔं अभियान, नेपाल
२९ पौष २०७६

## श्रमिक जनता...

(सोधपुछै नगरी) बिना हिचकिचाहट चीनले सहमति जनाउनु र हालै चीनका राष्ट्रपतिको भारत भ्रमणको बेला, उनले एकाइसौं शताब्दी एसियाली शताब्दी हुने तथा त्यसकालागि चीन-भारत सहायता अनिवार्य रहने कुरा बताएर र अर्को तिर दुई-जोड एक अर्थात पहिले चीन तथा भारत मिल्ने अनि नेपाललाई मिलाउने भनेर भारतीय प्रधानमन्त्रीलाई आकर्षित पार्न खोज्नु भनेको नेपाल र नेपालीहरूलाई ठाडै अनादर र अपहेलना गर्नु हो । यस मामलामा हामी सचेत बन्नैपर्छ । हामी दुई-जोड एक पछिको अर्को एक होइन, तीनले बुझ्नु पर्ने कुरो कुनै पनि स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न राष्ट्रहरूको बीच भौगोलिक रूपमा कुन ठूलो र कुन सानो भन्ने अर्थ लगाउनु भनेको पुरै निरर्थक कुरा हुन् । हामी दुई-जोड एक होइन, हुने नै हो भने बराबरीको हिस्सेदार हो । यो भनेको एउटा स्वतन्त्र र सार्वभौम नेपाल हो र उसको हैसियत पनि त्यही अनुसार हुने हो ।

यतिखेर नेपालमा देख्नमा आएकोृ बिदम्बनापूर्ण कुरा के हो भने नेपालको शासन सत्तामा नेपाली हुनुको नाताले गजधम्म बस्ने, तर भारतीय विस्तारवादीले, नेपालको स्वतन्त्र सार्वभौमसत्तामा खुल्लैयाम नाङ्गोपाराले हस्तक्षेप र अत्याक्रमण गर्नुको विरोधमा उत्रेका आन्दोलनकारी जन-उभार (जनलहर) देखि आतङ्कीत भई, राष्ट्रमा आइपरेको यो जटिल्तम् समस्या सुल्झाउन आफु पछी नपरेको भावभङगी देखाई गोहिको आँसु चुहाउनमा बेस्त, वर्तमान सरकारलाई नेपालको साँध-सीमा रक्षाका लागि प्रधानमन्त्री केपी शर्मा ओलीको पूर्व स्वीकृतिमै ज्ञापन-पत्र बुझाउन शान्तिपूर्ण नारा जुलुसका साथ गइरहेका देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल माथि निर्मम रूपले प्रहरी दमनमा उत्रेका कम्युनिष्ट नकाबधारी सरकारको फासिस्टवादी छवी उदाङ्गीन पुगेको छ ।

आफुलाई नेपालका सचेत राजनीतिज्ञ भन्न रुचाउने व्यक्ति विशेषको नजरमा, भारतीय विस्तारवादीको दादागिरिको जन-विरोधलाई, भारतको विरोध देख्नु र स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न भू-अखण्ड नेपालको साँधसीमा अतिक्रमण मात्र होइन नागरिक अतिक्रमण समेत अचाक्ली हुँदै आइरहेका छन् । यस्तो स्थितिलाई नजरअन्दाज गरी भारत विरुद्ध युद्ध ललकारेको देख्नु, नेपाली मानसिक्ता त हुनै सक्दैन । यसो भनेर फेरी तीनले भने जस्तै राष्ट्रिय स्वाधिनताको रक्षार्थ युद्धमा उत्रनु नै पर्ने वाध्यकारी स्थिति आइपर्‍यो भने सच्चा देशभक्त स्वाभिमानी कुनै पनि नेपालीले आफ्नो दुबै हातमा दही जमाएर लाटोले केला हेरेझैं त्वाल-त्वालति परेर गुमसुमभई अवश्य पनि बस्ने छैनन् ।

दुई राष्ट्र र राष्ट्रियता बीच रहिआएको सुमधुर मैत्रीपूर्ण सम्बन्धलाई १९४७ पूर्व अङ्ग्रेजहरूको नेपाललाई हेर्ने दृष्टिकोणमा पनि र त्यसपछि भारतको सत्तासिन हुन आइपुगेका भारतीय विस्तारवादको नेपाललाई हेर्ने दृष्टिकोणमा पनि कुनै फेरवदल नभई यथावत कायम रहेको मात्र नभई हेपाहा र मिचाहा प्रवृत्ति प्रवल बन्दै आइरहेको छ । यसो हुँदै आउनुको मूल कारक तत्व भनेको नेपाल भारतबीच भएको १९५० को शान्ति तथा मैत्री सन्धीभित्र रहेको दुरासयपूर्ण राष्ट्रघाटी बुँदाहरू नै हुन् ।

नेपाल-भारतबीच भए गरेको १९५० को सन्धी लगाएत सम्पूर्ण असमान सन्धीहरू खारेज हुनुपर्छ र गर्नुपर्छ भन्नुको अर्थ अवश्य पनि यो होइन कि १९५० को सन्धी पुरै खारेज हुनुपर्छ । खारेज हुनुपर्छ के मात्र हो भने १९५० को सन्धीभित्र रहेका राष्ट्रघाती धाराहरूले शान्ति तथा मैत्री सन्धी कै खिल्ली उदाइरहेको स्थितिभित्रको त्यो, भारतीय विस्तारवादीहरूको दुरासयपूर्ण अनुरूपको धाराहरू लगाएत अन्य सबै असमान सन्धीहरू खारेज गर्ने भन्ने कुरा हो । १९५० को शान्ति तथा मैत्री सन्धीलाई आजको आवश्यक्ता अनुरूप बिना छल-कपट मैत्रीपूर्ण ढङ्गले पुनर्बीलोकन गर्नु नितान्त जरुरी छ । यसो गर्नु दुबै मित्र राष्ट्रको निम्ति हितकर हुने कुरा निश्चित छ । यसलाई केही गरेर पनि नकार्न मिल्दैन । अन्य सन्धी सम्झौताहरूको सम्बन्धमा पनि यसै गरी बिना छलकपट खुल्ला दिलले सन्धी सम्झौता गर्न सकिन्छ ।

नेपालको वर्तमान स्थितिमा क्रान्तिकारी कम्युनिष्टहरूको दायित्व भन्नु नै, विकराल समस्याले सिँगो नेपाललाई चौतर्फी घेराबन्दी भित्र अतहासपूर्ण जीवन जिउन बाध्य नेपाल र नेपालका आमजनतालाई मुक्ति र स्वतन्त्रताको निम्ति अनिवार्य शर्तको रूपमा हाम्रो सामू खडा रहिआएको, ती आत्मसमर्पनवादी प्रचण्ड र बाबुराम गुटद्वारा देश र जनतामाथि गद्दारी गरी क्रान्तिलाई धोका दिई अधुरो पारेको, त्यो दश वर्षिय महानजनयुद्ध (नयाँ जनवादी क्रान्ति) लाई पूर्णतामा ढाल्ने गहन क्रान्तिकारी दायित्व रहिआएको छ । त्यसो त देशमा यतिखेर चौतर्फी रूपमा क्रान्तिकारी पृष्ठभूमि निर्माण हुँदै आइरहेको स्थिति छ । तर पार्टीको आत्मागत शक्ति केही कमजोर छ, यसो भनेर हातमा हात बाँडेर बस्ने यो स्थिति होइन र त्यसरी बसेका पनि छैनन् । तर पनि आत्मागत शक्ति कमजोर हुनुको रोग पहिचान गरी तदारुक्तासाथ आवश्यक उपचार प्रविधि अपनाई अधुरो रहिरहेको जनवादी क्रान्तिलाई पूर्णतामा ढालेर संघीय जनगणतन्त्रको स्थापनार्थ पहलकदमीको निम्ति, मार्क्सवादी-लेनिनवादी-माओवादीहरूले अत्यन्तै महत्वका साथ श्रमिक जनता सामाजिक सम्पदाका स्रष्टा र क्रान्तिकारी संघर्षका मुख्य आधार हुन भन्ने कुरालाई हृदयङ्गम गरी व्यवहारमा उतार्ने जमर्कोका साथ अगाडि बढ्नु नै क्रान्तिकारीहरूको आज यो राष्ट्रिय-मुक्ति आन्दोलनको मूल मक्सद हो र हुनुपर्छ । २०७६/९/१९

*ताहाचल, काठमाडौं*

## सभामुखको...

संसदीय प्रतिपक्षको काम सरकारलाई तह लगाउने नभएर विलौनागर्ने, रुने मात्र भैरहको छ । ओली र प्रचण्डको भागवण्डा कहिले मिल्ला र संसदमा हाजिर हुन पाइएला भनेर सांसदहरू आतुर भएर प्रतिक्षा गरिरहेका छन् । यी हरफ लेखिँदा सम्म यसको निकास आइ हाल्छ भन्ने प्रष्ट भै सकेको छैन ।

**सभामुखको लेठो**

नेपालमा दश वर्ष संचालित जन युद्धमा जब यसको शिर्ष नेतृत्वनै प्रतिकृयावादीहरू सँग आत्म समर्पण गर्ने अवस्थामा पुग्यो, आफैंले लिएको नीति र तय गरेको बाटो प्रति विश्वासघात गर्न पुग्यो, त्यसले माओवादी आन्दोलनलाई मात्र होइन, समग्र नेपाली समाजमा नै एक प्रकारको विकृतिलाई जन्मायो । क्रान्तिलाई फलदायी निष्कर्षमा पुर्‍याउनका लागि होइनकि आफ्नो आत्मसमर्पणलाई पुष्टि गर्नका लागि रचिएको "शान्तिवार्ता"मा प्रवेश गरे पछिका दिनहरूमा प्रचण्ड लगायतका नेताहरूले निरन्तर व्यक्तिगत रूपमा लाभ मात्रै हासिल गर्ने काम गरे, राष्ट्र र जनतालाई भने धोका दिए । त्यस प्रकार निजी फाइदा उठाउन सफल एकजना पात्र कृष्ण बहादुर महरा पनि हुन् । यस विचमा उनले इच्छा गरेका सबै पद हात लगाउन सफल भएका थिए - संचार मन्त्री, परराष्ट्र मन्त्री, गृहमन्त्री, अर्थ मन्त्री इत्यादि । राम्रो भनेर कहलाइएका सबै विभाग उनले हात पारेका थिए । संवैधानिक अंगको समेत प्रमुख मानिने सभामुख पनि पछिल्लो चरणमा उनकै पोल्टामा पर्‍यो । यसप्रकार समृद्धिको सिखरमा पुग्न बिना रोकटोक अघि बढेका उनलाई यस पटकको दशैंको बेलामा भने एउटा ठुलो धक्का लाग्यो । उनकै कार्यालयमा कार्यरत एकजना महिला कर्मचारीलाई जबर्जस्ती करणी गर्ने प्रयास गरेको आरोपमा उनलाई अदालतले थुनामा खाख्ने निर्णय गर्‍यो । यस प्रकारको अभियोग लागेको हुनाले सभामुखबाट राजीनामा दिन उनको पार्टी डबल नेकपा का डबल अध्यक्षहरूले निर्देशन दिए पछि उनले त्यो पदबाट पनि हात धुनु पर्‍यो । त्यतिखेर चर्चामा आए अनुसार अध्यक्षव्दयको निर्देशन सांसद पदबाट समेत राजिनामा गर्नु भन्ने थियो, तर सांसद पद चाहिँ उनले छाडेनन् । उनी त्यस पदमा अहिले सम्म कायमै रहेको बुझिन्छ । हुनत उनका एकजना "सहयोद्धा कमरेड"ले हालसालै "त्यस प्रकारका केसमा पर्ने धेरै जना छौं, अरुलाई चाहिँ केही नहुने, महराजीलाई मात्र यत्रो सजाय ! यसमा षडयन्त्र भएको छ । " भन्ने आशय व्यक्त गरेर शान्त्वना पनि दिने प्रयास गरेको पाइएको छ । तर, यतिखेर आएर दिइएको यो शान्त्वनाले त्यती काम गरेको देखिँदैन ।

जेहोस्, यतिखेर नेपालको लोकतान्त्रिक गणतान्त्रिक संसदीय व्यवस्थाको संसदको सभामुखको लामो समयको रिक्तताले विशेषतः सत्ता पक्ष र संसदीय प्रतिपक्षलाई पिरलेको छ । संसदको सभामुख र उप सभामुख एउटै पार्टीको हुनु नहुने र दुइवटा पद मध्ये एउटामा पुरुष र अर्कोमा महिला हुनु पर्ने भन्ने संवैधानिक व्यवस्थाले गर्दा पनि उनीहरूलाई पिरलो पारेको हो । पार्टी एकता हुनु भन्दा पहिले नै यो पदको बाँडफाँड भैसकेको हुनाले दुबै पद माथि डबल ने क पा कै वर्चस्व कायम भएको थियो । अब भने उनीहरूले एउटामा मात्र दावी गर्न पाउने अवस्थाले गर्दा ने क पा स्वभाविक रूपमा सभामुख पद मै दावी गर्नेमा पुगेको छ, पदमा बहाल भएकी उप सभामुखलाई आफ्नो पदबाट राजीनामा गराएर ।

यतिखेरसम्म अन्य पार्टीबाट यो संवैधानिक पदमा कसैले उमेदवारी दिएका छैनन् । तर, सत्ताधारी दलकै तीन जना हस्तीको इसारामा तीन जना उमेदवार देखा परेका छन् । राष्ट्रपतिकी उमेदवार वर्तमान संसदकी उप सभामुख शिव मायाँ तुम्बाहम्फे, प्रधान मन्त्रीका उमेदवार पूर्व सभामुख सुवास नेम्वाङ,, भूतपूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका अग्नि सापकोटा चर्चामा छन् । गाँठो कहाँ परेको छ भने उप सभामुख रहेकी तुम्बाहम्फेले राजीनामा नदिइकन सत्ताधारी पार्टीले सभामुखको उमेदवारी दर्ता गराउन मिल्दैन र उनी आफुलाई सभामुख बनाउने सुनिश्चितता नभैकन सभामुखको उमेदवारीको बाटो खोल्ने पक्षमा देखिएकी छैनन् । त्यो पार्टीको सचिवालयले उनले राजीनामा गर्नु पर्छ भन्ने निर्णय सुनाउँदा पनि त्यसलाई उनले ठाडै अस्वीकार गरिन् । सत्ताधारी पार्टी भित्रको यो गाईजात्राले गर्दा संसदमा समेत गाईजात्रा चलिरहेको छ । यो सँग सरोकार नहुनेहरू यो बिना टिकटको तमासा आनन्द सँग हेरिरहेका छन् ।

**बाँदरको पुच्छर लौरो न हतियार**

यतिखेर डबल नेकपाको नेतृत्वमा झण्डै दुई तिहाई बहुमतको सरकार छ । यो व्यवस्थामा दुई तिहाई भए पछि जे गरे पनि हुन्छ भन्ने मान्यता अनुसार पार्टी र सरकारले समाजमा मनपरी गरिरहेका छन् । यस्तो अवस्थामा पनि एउटा जाबो सभामुख बनाउन किन उनीहरूलाई यत्रो महाभारत भै रहेको छ ? यो दुईतिहाई बहुमत पनि 'बाँदरको पुच्छर लौरो न हतियार' किन भैरहेको छ ? मानिसहरू चकित परेका छन् ।

पद एउटा छ, तीनैथरी हस्तीलाई नभै भएको छैन । सायद यो पार्टीको आन्तरिक विषय भएको भए 'बोइंग चलाउनका लागि' सभामुख पनि तीनवटै हुन बेर लाग्ने थिएन । यी हरफहरू लेखिँदा सम्म तीनै थरीको दावी कायम छ । उनीहरूका तर्कहरू पनि सार्वजनिक भएका छन् । राष्ट्रपतिजीको भनाई छ, आखिर एउटी पढेलेखेकी महिला, जनजाति पृष्ठभूमि भएकी, विद्यमान उप सभामुखको पदमा रहेर योग्यता प्रमाणित गरिसकेकी शिवमायाँले सभामुख हुन किन नपाउने ? तर्क त जायजै देखिन्छ । प्रधानमन्त्रीजीको दावी पनि कम छैन । उनलाई सररकार चलाउन दिए पछि त सरकार संचालन गर्नका लागि जो हुँदा सजिलो हुन्छ भन्ने उनलाई लागेको छ उसैलाई सभामुख बनाउन पाउनु पर्ने हो भन्ने उनको दावी छ । उता प्रचण्डको दावी छ राष्ट्रपति पूर्व एमालेले राख्यो, प्रधानमन्त्री पनि उसैको । बाँकी रहेको सभामुखको पद पनि एमालेले नै राख्ने ? के पूर्व माओवादी केन्द्रको भूमिका चाहिँ खाली डोली बोक्ने डोले र भारी बोक्ने भरिया जस्तो मात्रै ? हामीलाई चाहिँ खाली अरिँगाल मात्रै बनाउने ? के यहि हो एकताको अर्थ ? के यहि तरिकाले एकताको भाव झल्कन्छ त ? भनाई त उनको पनि कम मार्मिक छैन ।

यो रैंदालो कती दिन सम्म चल्ने हो थाहा छैन । यस सँग लिनु दिनु केही नभएकाहरूले यसमा टाउको दुखाउनु पो किन परेको छ र ? कमसेकम यो तमासा हेर्न कुनै कर त तिर्नु परेको छैन । यो टिकट नलाग्ने फि सो भएको हुनाले जति सकिन्छ यसबाट मनोरंजनको फाइदा उठाउनै राम्रो होला ।

**घिउ बेचा र तरवार बेचाको कथा**

सगरमाथा टि वी मा मेरो अन्तर्वार्ता थियो । अन्तर्वार्ताकार मित्रले मलाई प्रश्न गर्नु भयो :"पार्टी एकता भएर यत्रो पार्टी बन्यो, नपाल कम्युनिष्ट पार्टी(नेकपा) । त्यही पार्टीको झण्डै दुई तिहाई बहुमतको सरकार बनेको छ । एउटा सभामुख जस्तो पदका लागि किन यत्रो मारामार ? तपाईंलाई के लाग्दछ, यसको कारण?" मैले भनें, "त्यो एकता दुईवटा कम्युनिष्ट पार्टीको एकता नै थिएन । त्यो एकता नेपालमा समाजवाद ल्याउन, समृद्धी ल्याउनका लागि भएको एकता पनि थिएन । त्यो त फगत चुनाव जितेर आफ्ना स्वार्थ शिद्ध गर्नका लागि गरिएको मित्रता थियो । त्यो त घिउ बेच्ने र तरवार बेच्ने ठग व्यापारीका वीचमा भएको एकता थियो । त्यसैले अहिले आएर बाँडेर खानका लागि झगडा भै रहेको छ ।" वहाँले अर्को जिज्ञासा पनि राख्नु भयो : "त्यसो भए यो एकता कायम रहँदैन त ? पार्टी फुट्छ त ?" मैले भनेको थिएँ : " पार्टी नफुट्न पनि सक्छ । किनभने तरवार व्यापारी र घिउ व्यापारी दुबैल एक अर्कालाई चिनेरै मित्रता गरेका हुन्छन् । मित्रले ठगेको थाहा पाए पछि 'पखलास् अर्को पटक मैले जानेको छ' भनेर ठाउँ त खोज्छन् मित्रता नै चाहिँ तोडिहाल्दैनन् उनीहरूले । डबल नेकपामा पनि त्यही हुन्छ होला भन्ने मलाई लागेको छ ।" हेरौं के हुँदो रहेछ ? २०७६ । १० । १

## कम्युनिष्ट...

सांसदहरूलाई त्यस निर्णय कार्यान्वयन गराउन ह्विप जारी गरिएको उल्लेख गर्दै २७ गतेभन्दा अगाडि बाग्मती नाम र राजधानी हेटौंडा अस्वीकार्य भनी उफ्रिउफ्रि हिँडेका सांसद र नेताहरू ह्विप जारी भएपछि विवेक शुन्य रोवोटमा परिणत भएको र उक्त निर्णयमा ल्याप्चे लगाउन पुगेको उल्लेख गरिएको छ । वक्तव्यमा आम उत्पीडित समुदाय र जातिहरूले पहिचानको झल्को दिने प्रदेशको नाम नेवाः तामसालिङ भए पनि राखिनु पर्छ भन्ने माग रहेको उल्लेख गर्दै संसदको निर्णयले सबै उत्पीडित जाति र समुदायका भावनामाथि कुठराघात भएको ठहर गरिएको छ ।

वक्तव्यमा यो निर्णय पंचायतकालीन ब्रम्हाणवादी सोच र चिन्तनको परिणाम भएको उल्लेख गर्दै वक्तव्यमा निर्णयको घोर भत्सर्ना गर्दै कथित कम्युनिष्ट नामको प्रतिक्रियावादी पार्टी र सरकार तथा तिनका नेता र सांसदप्रति होसियार हुन पनि उत्पीडित जनसमुदाय र जातिहरूमा अनुरोध गरेको छ । मोर्चाले ३ नं. प्रदेशमा उत्पीडित जाति र समुदायलाई उत्पीडनबाट मुक्त गर्न पहिचानको आन्दोलन अपरिहार्य रहेको उल्लेख गर्दै नेवाः आदिभूमिमा नेवाः राज्य र तामाङ्ग आदिभूमिमा तामासालिङ राज्य तथा अरु आदिवासी जनजातिका लागि पहिचानसहितको स्वायत्त क्षेत्रको आवश्यकता रहेको जनाइएको छ ।

वक्तव्यमा मोर्चाले ब्राम्हणवादी सोच र चिन्तनका विरुद्ध निरन्तर संघर्ष गर्दै सबै उत्पीडित जातिका समान अधिकार र नेवाःराज्य स्थापनाका लागि निरन्तर अगाडि बढि रहने समेत जनाइएको छ ।

## सभामुखको...

दलका नेता, कार्यकर्ता हुँदै जनस्तरसम्म पुर्‍याउनु पर्ने र देशभक्तहरूको बृहद आन्दोलनबाट मात्रै राष्ट्रघातका हरेक सम्झौताहरूमाथि विजय प्राप्त गर्न सकिन्छ भन्ने थियो ।

कार्यक्रममा नेकपाका नेता सीपी गजुरेलले "देशभक्तहरू कहाँकहाँ छन् खोज्नु परेको छ । एउटै पार्टीका नेताहरू जिएमआरको चाकडी गर्दैछन्, त्यही पार्टीका केही नेताहरू यहाँ आएर जनताको पक्षमा बोल्दै छन् ।" भनेर विभिन्न पार्टी तथा संघसंस्थाहरूभित्रका देशभक्तहरू, राष्ट्रवादीहरू अब एकजुट भएर तिनै पार्टीभित्रका दलालहरूका विरुद्ध मोर्चाबन्दी गर्नु पर्ने आवश्यकता वारे ओल्याए । नेपालमा अहिले सरकार, सदन र कहिले काहींत सडकमा पनि दलालहरूको हैकम देखिन्छ । मूलतः सरकारमा नै यस्ता दलालहरूको बर्चश्व स्थापित भएको छ । सरकारका प्रधानमन्त्रीलगायत मन्त्रीहरू, सरकारका सचिवहरूआदिबाट भ्रष्टाचार र कमिसनको गन्ध आइरहेको छ । भारतमै टाट पल्टीएको जिएमआरजस्तो एउटा नीजि कम्पनीको कारिन्दाको रूपमा नेपालका उर्जामन्त्रीले कमिशनको लोभमा काम गरिहेका छन् ।

कार्यपत्रको "राष्ट्रिय हित विपरितका चलखेलमा संलग्न नहुन उर्जामन्त्रीलाई चुनौती"भन्ने उपशिर्षकमा स्पष्ट संग लेखिएको छ -"हामी प्रश्न गर्न चाहन्छौ ? प्रथम जिएमआर कम्पनीको म्याद गुज्रेको ३ वर्ष भइसकेको छ र परियोजनाको सम्झौता खारेज भइसकेको छ । द्धितीय लगानी बोर्डको मापदण्डअनुसार बिद्युत निकालेको कुनै अनुभव जिएमआर कम्पनिसंग छैन र हाल भारतमा टाट पल्टेको र सडकमा पुगिसकेको कम्पनी हो । डेककन कोलोनिकल पत्रिकाले २०१६ मे २४मा प्रकाशित समाचार अनुसार ४३,४३९ करोड घाटामा पुगेकाले कार्यालयका सामान पनि लिलाम बिक्रि गर्दै हिंडेको छ । तेस्रो लगातार प्रयासका बावजुद जिएमआरलाई बिश्व बैंक, एसियाली बिकास बैकलगायतका वित्रिय संस्थाहरूले श्रृण दिएका छैनन र दिनेवाला पनि छैनन । यसले पनि जिएमआरको अन्तराष्टिँय वित्तिय संस्थाहरूसंगको विश्वसनियता नभएको स्पष्ट हुन्छ । चौथो जिएमआर बिद्युत प्रबर्धक कम्पनी नभइकन लायसेन्स बिक्ति गर्ने दलाल कम्पनी भएको कुरा माथिल्लो मर्स्यौङदी-२ सिचुवान इनभेष्टमेन्ट ग्रुपलाई ३ अर्व ५० करोडमा बेचेको कुराले प्रमाणित गरिसकेकोछ ।

यस्तो कम्पनीको पछि लागेर वर्तमान मन्त्रीपरिषदका उर्जामन्त्री बर्षमान पुनले यस्तो गैरकानुनी अवैद्य कामगर्न किन उद्यत भएका छन् ? गम्भीर प्रश्न कार्यपत्रले उठाएको छ । कार्यपत्रमा लेखिएको छ-"जिएमआरसँग मात्र बिजुली किन्ने निर्णय बंगलादेशलाई गराउने उर्जामन्त्रीको आर्थिक चलखेलका लागि खोलिएको नियोजित बाटो मात्रै हो । जिएमआरको मिति सकिएर खारेज भइसकेको कारणले गर्दा कुनै उपयूक्त बाहना नपाएपछि यो बाहनालाई माध्यम बनाएर ७० अर्वकोृ परियोजनलाई १७० अर्वको परियोजना बनाउने केही गरी बिजुली निकालिएको खण्डमा ७६ अर्व अनुदान नेपाल राष्ट्रबाट उपलब्ध गराउने र रि-रेगुलेटिङ बांध नीर्माण गर्ने गरी सुरु गरिएको वेतान कर्णालीबाट जिएमआरलाई रि-रेगूलेटिङ बांध नीर्माण गर्ने दायित्वबाट मुक्त गर्ने प्रपञ्चसमेत गरेको देखिन्छ । उक्त जिएमआर कम्पनीलाई आर्थिक दायित्वबाट मुक्त गराउने र बचेको सबै रकमको हिस्सेदारी गर्ने योजना उर्जामन्त्रीको देखिन्छ, जसको पर्दाफास गर्नु जरुरी छ ।"

उक्त अन्तरक्रियात्मक कार्यक्रममा पूर्वउपप्रधानमन्त्री तथा सरकारी नेकपाका स्थायी समिति सदस्य भिम रावलले माथिल्लो कर्णाली आयोजना ३५० मेगावाटबाट रातारात कुनै टेण्डर नगरी गैरकानुनी किसिमले ९०० मेगावाट पुर्‍याइएको बताउदै त्यसको परियोजना बिकास सम्वन्धी प्रारम्भिक मस्यौदामा कर्णाली नदीबाट कुनै किसानले एउटा कुलो लियो भने पनि जिएमआरलाई सोध्नुपर्ने रहेको बताए । त्यतिमात्रै होइन, चिसापानीमा १०हजार ८ सय मेगावाट बिद्युत निकाल्न सकिन्छ भन्ने परिकल्पना नेपाल सरकारले गरेको छ, त्यसलाई कहिल्यै बन्न नदिने गरी माथिल्लो कर्णालीको प्रशारण लाइन चिसापानी माथिबाट लाने त्यसमा प्रस्ताव थियो, त्यस समयमा १६वटा बूँदा सच्याएता पनि अरु बांकी जस्ताको तस्तै राखिएको छ ।

उक्त कार्यपत्रमा जिएमआरबाहेक अन्य करीब २४वटा भारतीय नीजि कम्पनीहरूको सूँची पनि दिइएको छ, जसको लाइसेन्सको म्याद समाप्त भइसकेको छ र यहि जिएमआरलाई नजिर बनाएर तिनीहरूको पनि नेपाल सरकारबाट म्याद थप गराई भारतीय दलालहरूले नेपालको विद्यङत लाइसेन्स ओगटने दाउमा रहेको स्पष्ट हून्छ र यसका पछाडि वर्तमान ओली सरकारको कमिशनखोर नीति जिम्मेवार छ भनिएकोछ ।

कार्यपत्रमा प्रमाणसहित किटान गर्दै भनिएकोछ-"नेपालका नदी ओगटेर बसेका दुई दर्जनभन्दा बढी भारतीय नीजी कम्पनिहरू, जसको म्याद जिएमआरको जस्तै सकिएको छ, जिएमआरको म्याद थप्दा वित्तिकै ती सबैको म्याद पनि थप्न सजिलो गर्ने गरी नेपालको जलस्रोत/जलबिद्युतमा प्रगति भएको आधिपत्य कायम गर्ने गोप्य षडयन्त्रको प्रमुख सुत्राधारको रूपमा वर्तमान उर्जामन्त्री बर्षमान पुनले भूमिका नीर्वाहा गरिरहेका छन् भनेर स्पष्टताकासाथ भनिएको छ ।

पुष्पलाल अध्ययन समाजका अधयक्ष लोककृष्ण भटराईको सभापतित्वमा सम्पन्न सो अन्तरक्रिया कार्यक्रममा अभियान्ता भरतबहादुर शाही तथा साध्यबहादुर भण्डारी, जनसमाजवादी पार्टीका डम्बरबहादुर कार्की लगायतले बोलेका थिए । कायैक्रमा स्वागत मनतव्य देजमो नेपालका पवनमान श्रेष्ठ र सञ्चालन विद्यार्थी नेता घनश्याम न्यौपानेले गरेका थिए ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी,
ऐसेलुखर्क, बाक्सीला, भोजपुर,
ओखलढुंगा, सोलु जानु परेमा
हामीलाई सम्झनुहोस् ।
सम्पर्क–
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चावहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

## आलोपालो

# श्रमिक जनता क्रान्तिकारी संघर्षका मूल आधार

*नेपालको स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न भू-अखण्ड राष्ट्रलाई, ती साम्राज्यवाद, विस्तारवादीहरूले अवमूल्यन गर्दै गरे जस्तै चीनले पनि अवमूल्यन र अपमान गर्न थालेको अनुभूति हुन आउन थालेको छ*



● पुष्प गोपाल श्रेष्ठ ●

२००७ सालमा भए गरेको जनक्रान्ति विस्तारवादको नीति निर्देशन र उसकै छत्र छाँया दिल्ली दरबारमा राजा, राणा र नेपाली कांग्रेस बीच धोकापूर्ण सम्झौताले निम्त्याएको स्थिति 'लथालिङ देशको भताभङ चाल ज-जस्ले जान्ला उ-उस्ले खाला' भन्ने उक्ति अनुरूपको स्थिति हो । अझ भन्नु नै पर्दा वर्तमान देशको वस्तुस्थिति त झनै भयावह स्थितिबाट गुज्रन्दै छ । आन्तरिक रूपमा कम्युनिष्ट नामधारी बहुमतीय सरकार छ, यस्को कार्यविधि - अन्याय, अत्याचार, भ्रष्टाचार, हिंसा, बलात्कार, तस्करितन्त्र, बिचौलियातन्त्र, भूमाफियातन्त्र, कमिशनतन्त्र र ३३ किलो सुन काण्ड, वाइड बडी काण्ड, गोकर्ण, बालुवाटार तथा टुँडिखेल जग्गा काण्ड, पशुपति धर्मशाला काण्ड जस्ता अनेकौं यस्ता अनैतिक क्रियाकलापले देशलाई पुरै जरजर पारेको छ । अर्कोतिर बाह्य हस्तक्षेप - साम्राज्यवाद, विस्तारवाद तथा विभिन्न खाले प्रतिक्रियावादीहरूको हस्तक्षेप प्रत्यक्ष रूपले बढ्दो छ । देश विकासको नाउँमा लिने र दिने- ऋण र अनुदान दुबै प्रायः खोटपूर्ण रही आएको छ, अर्थात लिनेले आफ्नो राष्ट्रिय आवश्यकता प्रस्टयाई लिन नसक्नु, दिने दात्री राष्ट्रले आफ्नो राष्ट्रिय स्वार्थ अनुरूपको शर्त कबुलहरू बरकरार राखेर दिनु, कुनै पनि विकास योजना तयार पार्दा नेपाली सम्बन्धित विषयका विज्ञ र सम्बन्धित क्षेत्र (भौगोलिक) को ज्ञान बिना अनुमानको आधारमा कोरी पठाएको विकास आयोजना प्रतिवेदनको भरमा काम गर्ने प्रवृत्तिले गर्दा देश विकासको नाउँमा सत्तामुखीहरूको भुँडी विकास हुने गरेका छन् ।

वर्तमान स्थितिमा सोचनीय कुरा के रहिआएको छ भने, कुनै पनि वैदशिक रणनीतिलाई सोच बिचारै नगरी आँखा चिम्लेर सहमति जनाउन पुग्नु भनेको नेपाली भूमिलाई पुरै रणक्षेत्रमा परिणत गर्ने हुन जाने कुरालाई नकार्न मिल्दैन । बिआरआई र एमसीसी बिल्कुल भिन्न अर्थ र भिन्न स्थितिको हो । बिआरआई पूर्ण आर्थिक रणनीति हो भने एमसीसी आइपिएससँग जोडिएको छ । आइपिएस गठन हुनु र गर्नु खासमा सैन्य रणनीतिको लागि गठन भएको हो भन्ने कुरा सम्बन्धित राष्ट्रका सम्बन्धित निकाय अर्थात काठमाडौं स्थित अमेरिकी राजदुतावासले समेत स्पष्ट रूपमा खुलासा गरिसकेको वर्तमान स्थितिमा पनि नेपालका सत्तासिन पार्टीका जिम्मेवार नेता, मन्त्री र कतिपय गैरजिम्मेवार बुद्धिजीवी भनाउँदाहरूले एमसीसीको पक्षमा एकहरो रटान रटिरहनु कुन स्वार्थले प्रेरित गरेका हुन सोचनिय बन्न (रहेको) पुगेको छ । खान पायो र लिन पायो भन्दैमा आँखा चिम्लेर हसुर्न पुग्ने जस्ता गैरजिम्मेवार मानसिकता बोकी बसेका जो कोहीलाई पनि समय छँदै तहलाउन सच्चा देशभक्त नेपालीहरू सचेत बन्नैपर्छ ।

नेपाल, चीन र भारत मुक्त र स्वतन्त्र भएको समयको हिसाबले खास एक-आध वर्षको मात्र फरक हो । तर, तिनै देशको वस्तुस्थिति आकाश र जमिनको भने जस्तै फरक छ । नेपाल र भारतको वस्तुस्थिति मुक्त र स्वतन्त्र भन्नु मात्र हो । देशमा खास कुनै फेरवदल भएको छैन । अझ भन्नु नै पर्दा मुक्त र स्वतन्त्र भयो भनिएको वर्तमान स्थिति, अहिले सात दशक बितिसक्दा पनि देश र जनताको निम्ति कुनै खास परिवर्तन नभएको मात्र होइन । अझ बढी हिजोका दिनहरू भन्दा अरु भयावह स्थितिबाट गुज्रन्दै गइरहेको स्थिति छ । चीनको स्थिति भने बिलकूल भिन्न छ । चीनमा माओत्सेतुङको नेतृत्वमा भएको सफल 'नयाँ जनवादी क्रान्ति'ले मुक्ति र स्वतन्त्र भएको एक-आध वर्ष भित्रै गरिखाने चीनियाँ जनताको निम्ति गाँस, बास तथा कपासको समस्या पूर्ण रूपले समाधान गरेको मात्र नभई देशकै काँचुली फेरेको स्थिति हामीले देखि सुनि आएकै कुरा हो ।

२००७ सालमा भएको जनक्रान्तिले ल्याएको भनिएको परिवर्तन र भारत १९४७ मा बृटिस साम्राज्यबाट मुक्त भयो भनिएकोमा नेपालका र भारतका गरिखाने जनताको निम्ति 'कागलाई बेल पाक्यो हर्ष न विस्मात' भने जस्तै खास कुनै उपलब्धी भएको छैन । भएको छ त केवल सत्तामा व्यक्ति विशेषको हेरफेर, त्यो पनि सतहमा देख्ने गरेर मात्र । आन्तरिक नीतिगत कुरा उही नै छ, त्यसलाई राजनैतिक भाषामा भन्नु पर्दा पूर्ववत गरिखाने जनतामाथि गराई खाने वर्गको अधिनायकवाद अर्थात शोषण उत्पीडन र दमनलाई अरु सशक्तिकरण गर्दै लगेर फासिजम नीति अख्तियार गर्न लागि परिरहेको स्थिति छ ।

यहाँ अत्यन्तै महत्वका साथ उल्लेख गर्नैपर्ने कुरा के हो भने वर्तमान चीनले पनि हिजोआज नेपालको स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न भू-अखण्ड राष्ट्रलाई, ती साम्राज्यवाद, विस्तारवादीहरूले अवमूल्यन गर्दै गरे जस्तै चीनले पनि अवमूल्यन र अपमान गर्न थालेको अनुभूति हुन आउन थालेको छ । जस्तो कि केही समय अघि चीन र भारत बीचको व्यापारिक ट्रान्जित प्वाइन्ट, नेपालको भूमि लिपुलेक बनाउने कुरा हामीलाई थाहै नदिई *बाँकी ५ पेजमा*

# अखिल नेपाल महिला संघ (क्रान्तिकारी) केन्द्रीय सचिवालयको बैठक सम्पन्न



काठमाडौं । अखिल नेपाल महिला संघ (क्रान्तिकारी) केन्द्रीय सचिवालयको बैठक संगठनकी केन्द्रीय अध्यक्ष अम्बिका मुडभरीको अध्यक्षता र संगठनको फ्याक्सन इञ्चार्ज राजवीरको विशेष उपस्थितिमा बस्यो ।

सो बैठकमा व्यापक छलफल गरी नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रले ल्याएको चार महिने राष्ट्रिय स्वाधीनताको अभियानमा महिला मुक्ति आन्दोलनसँगै सांगठनिक हिसाबले तल्लो कमिटीदेखि माथिल्लो कमिटीसँग संगठनलाई व्यवस्थित गर्दै राष्ट्रियताको मुद्दालाई सशक्त रूपले उठान गर्दै अभियानको अन्त्यतिर संगठनको राष्ट्रिय स्तरको राजनीतिक प्रशिक्षण गर्ने निर्णयसहित सम्पन्न भयो ।

## यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

## नेकपा...

चैत्र २४ गते सम्मको लागि ५, ६ र ७ नं प्रदेशका विभिन्न जिल्लाहरूमा सञ्चालन गरिनेछ । जसअनुसार महेन्द्रनगरमा माघ १५ गते कार्यक्रमको उद्घाटन गर्ने । माघ १६देखि २० सम्म कैलाली र कञ्चनपुरमा अभियान सन्चालन गर्ने । माघ २१ गतेदेखि फागुन १५सम्म पाँच नं प्रदेश, फागुन १६ देखि चैत्र ५ सम्म ६ नं प्रदेश र चैत्र ६ देखि चैत्र २२सम्म ७ नं प्रदेशमा उक्त अभियान कार्यक्रम सञ्चालन हुनेछन् । उक्त कार्यक्रमको उद्घाटनको प्रमुखअतिथि पश्चिम व्युरो इञ्चार्ज रामसिंह श्रीशबाट हुने जानकारी प्राप्त भएको छ ।

## सूचना प्रविधि...

जारी गरेका छन् ।

यसअघि संयुक्त पत्रकार संघर्ष समिति बनाएर आन्दोलित हुँदै आएका पाँच पत्रकार संगठनले सूचना प्रविधि विधेयकविरुद्ध संयुक्त रूपमा आन्दोलन गर्ने घोषणा गरेको हुन् ।

मोहन वैद्य किरण नेतृत्वको नेकपा क्रान्तिकारी माओवादी निकट क्रान्तिकारी पत्रकार महासंघ,नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपानिकट जनपत्रकार संगठन नेपाल, नेकपा मसाल निकट प्रगतिशील पत्रकार संघ, समाजवादी पार्टीनिकट नेपाल प्रेस नेपाल र मधेसी पत्रकार समाज विधेयकका विरुद्ध एक ठाँउ उभिएका हुन् ।

सोमबार काठमाडौंमा ५ पत्रकार संगठनको संयुक्त बैठक बसेर सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी कदम योजनाबद्ध ढंगले अगाडि बढाएको निष्कर्ष निकाल्दै चरणबद्ध आन्दोलनमा जानुपर्ने बताएका हुन् ।

विधेयकमा उल्लेख गरिएका कतिपय दफाले नागरिकको अभिव्यक्ति स्वतन्त्रताको अधिकार पूर्ण रूपमा कुण्ठित गर्ने मनसायले ल्याउन लागिएको संगठनहरूको निष्कर्ष छ ।

बैठकपछि ५ पत्रकार संगठनले संयुक्त वक्तव्य जारी गर्दै सरकारले ल्याएको विधेयक तत्काल फिर्ता गर्न माग गरेका छन् ।

पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, जनपत्रकार संगठन, नेपालका अध्यक्ष प्रकाश डुम्रे, प्रगतिशील पत्रकार संघका अध्यक्ष नारायण शर्मा, प्रेस नेपालका अध्यक्ष केशव अर्याल, मधेसी पत्रकार समाजका अध्यक्ष मोहन सिंहद्वारा हस्ताक्षरित संयुक्त वक्तव्यमा नागरिक स्वतन्त्रता विरोधी विधेयकको विरुद्धमा राजनीति दल, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी, कानुनी व्यवसायी, मानवअधिकारकर्मी सबैलाई एकजुट भएर आवाज उठाउन अनुरोध समेत गरिएको छ ।


## शीत लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुनसक्छ त्यसैले

- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरूको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं ।
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ, टहरामै राखेर पर्याप्त घाँस, पराल र दाना दिने वयवस्था मिलाऔं ।
- चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्न लैजाऔं ।
- कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेन्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**











**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।